www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Bi-weekly Magazine पाक्षिक

वर्ष १, अंक ४, २०७३ मङ्सिर १५ देखि ३० सम्म रु.१५।-



६ म सबै फ्लेबरको गीत गाउन सक्ने गायिका हुँ

# लोकले रूचाएका त्रिलोक



त्रिलोक राना नेपाली गीत संगीतमा नाम चिनिएका गायक हुन् । कुनैबेला उनको बजारमा ठूलो डिमाण्ड हुन्थ्यो । भूपू मायालु, मन पराई तिमीले हत्ते गऱ्यौ नि, तिमी जस्तो छैन कोही जस्ता गीत बजारमा आउँदा त्रिलोकलाई लोकले निकै रूचाएको थियो । करिब ७ वर्ष उनी कहाँ गए, के गर्दैछन् केही अत्तोपत्तो भएन संगीत क्षेत्रमा । तर पनि उनको अभाव भने खड्किरह्यो संगीत बजारमा । दुई दशकको सांगीतिक यात्रा पार गरिसकेका गायक त्रिलोक राना फरक पहिचानमा गीतसंगीतको क्षेत्रमा चर्चा बटुलेका गायक हुन् । उनको चर्चा शिखरमा पुगिरहेको बेला एक्कासी हराउनुले उनलाई पनि सँगै हराइदियो तर उनी ७ वर्षपछि पुनः 'वरदान' लिएर फर्किएका छन् ।

तस्विरः अनिल स्थापित



## रिलिज कर्नर

## सुभासको विभान




गायक सुभाष ढुंगानाले विभान आधुनिक एल्बम बजारमा ल्याएका छन् । अष्ट्रेलियाबाट नेपाल आएको १४ दिनमा सभाषले एल्बमलाई सार्वजनिक गर्न सफल भएका हुन् । राजधानीमा एक कार्यक्रमको आयोजना गर्दै सुवासले एल्बमलाई सार्वजनिक गरेका हुन् । गजलकार डा.कृष्णहरि बरालको प्रमुख आतिथ्यतामा विभानलाई सार्वजनिक गरिएको हो ।

सुभाषले आफ्ना पुराना दिनमा एल्बम गर्दा ठूलो धोका खाएको बताएका थिए । उनले अनामनगर र पुलीसडकमा आउन आफूलाई डर लाग्ने बताउँदै कार्यक्रममा बोल्दा निकै भक्कानिएका थिए । १४ दिनमा पनि एल्बम आउँदो रहेछ सुभासले भने अब ६ महिनामा अर्को एल्बम लिएर आउँछु ।

एल्बमभित्र ५ वटा गीत समावेश गरिएको छ । मनको मान्छे, म आधा, तिमीसँगै, अनुरोध, घर गरे पो जस्ता गीत रहेका छन् । जसमा चर्चित ढुंगेल, सन्तोष थपलिया, शून्य प्रकाश, डा.कृष्णहरि बरालको शब्द रहेको यस एल्बममा अर्जुन पोखरेल, न्ह्यू बज्राचार्य, हरि लम्साल, राजु सिंहको संगीत रहेको छ ।

## कृष्णकलाको रुमानी धून




विगत लामो समयदेखि इजरायलमा कार्यरत नेपाली चेली गीतकार कृष्णकला वनेमको एकल रचना रहेको आधुनिक गिति एल्वम 'रुमानी धुन' लाई राजधानीमा बरिष्ठ गीतकार तथा कवि दिनेश अधिकारीको प्रमुख आतिथ्यतामा सार्वजनिक भएको थियो । साथै कृष्णकला वनेम र जगतराम बर्देवा गजलकारद्वयको संयुक्त रचनासहितको संयुक्त गजलसङ्ग्रह 'कृत' समेत विमोचन भएको छ ।

कार्यक्रममा संगीतकार राजु सिंह, कवि तथा गीतकार रमेश पौडेल, संगीतकार संघका अध्यक्ष लक्ष्मण शेषलगायतको आतिथ्यता रहेको थियो । त्यस्तै संगीतकार सन्तोष श्रेष्ठ, कवि गीतकार पौडेल र संगीतकार सिंहले एल्बमको गीतसंगीतमाथि सीमक्षा गरेका थिए भने गीति एल्वम रुमानी धूनले केहि नयाँपन लिएर आएको बताउँदै इजरायलको व्यस्त समयलाई प्रयोग गर्दै वनेमलाई गीति लेखनमा अझ सशक्त रूपमा अगाडि बढ्न सबैले शुभकामना समेत व्यक्त गरेका थिए ।

महेश सेवाको एकल स्वर रहेको एल्बममा बतासको सुसेलीमा, फूलजस्ती मेरी माया, सम्झिएर गाउँदैछु, म आकाश तिमी धर्ती, पाउजुको छमछम जस्ता गीत समावेश गरिएको छ । जसमा रोशनराज गुरूङ, दिनेश सुब्बा, कर्मग्याल्छेन बम्जन, सन्तोष श्रेष्ठ एवं गायक स्वयम्को संगीत रहेको छ । एल्बमको एक गीतमा भने गायिका निखिता थापाले स्वरमा साथ दिएकी छन् । एल्बमलाई सुरप्रभा गीतसगीत प्रा. लि.ले बजार व्यवस्थापन गरेको छ ।

# बैरागीको नेतृत्वमा संगीत कला पत्रकार संघ गठन



नेपाली गीत संगीत, चलचित्र, नाटक, फेशन, कला र संस्कृतिलाई केन्द्रविन्दुमा राखेर सक्रिय रहेका पत्रकारहरूको भेलाले 'संगीत कला पत्रकार संघ' गठन गरेको छ । राजधानीमा शुक्रवार भएको भेलाले सुमन बैरागीको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

संघका दुई उपाध्यक्षमा क्रमशः विनिता मरहठ्ठा (अन्नपूर्ण पोष्ट दैनिक) र लोकराज अधिकारी (संगीत संसार नेपाल) रहेका छन् । महासचिवमा शुक्रवार साप्ताहिकका डिबी खड्का चयन भएका छन् । यसैगरी सचिवममा जनता रेडियोकी राधिका अधिकारी, कोषाध्यक्षमा स्क्रिन नेपाल डटकमका एमपी सुब्बा र सहकोषाध्यक्षमा कान्तिपुर टेलिभिजनका सीताराम बडाल चयन भएका छन् । सदस्यहरूमा राम थापा (रेडियो नेपाल), गोविन्द गिरी (गोर्खा एफएम) सजना बराल (कान्तिपुर दैनिक), रिजन थापा (इमेज टिभी), रामनाथ घिमिरे (विएफविएस रेडियो), सुरज खड्का (एभिन्युज टिभी), दिपेशराज थारू (फोटोग्राफर), सविता पोखरेल (म्युजिकखबर डटकम) छन् । नेपाली गीत संगीत, चलचित्र, नाटक, फेशन, कला र संस्कृतिलाई मुख्य विषय बनाएर रिपोर्टिङ गर्ने साझा संगठन नभएकाले 'संगीत कला पत्रकार संघ' गठन गरिएको हो । यी क्षेत्रमा रिपोर्टिङ गर्ने पत्रकारहरूको हकहित संरक्षण गर्ने र कला क्षेत्रका विविध विषयमा बहश र पैरवी गर्ने यसको उद्देश्य रहेको छ ।

# लामिछानेलाई संगीतकार संघको १५ हजार सहयोग



घाँस काट्ने खुर्केर आयो जोवन हुर्केर ,गाई त बाध्ने पाटको दाम्लो , बाखरी बाखरी बाँध्ने डोरीले मैले के गर्नु ,पिँडिमा बसेर मेरै बाटो हेरेर मेरी आमा रूँदी हुन् मलाई सम्झेर जस्ता चर्चित गीतका गायक तथा संकलक बुद्धिकृष्ण लामिछानेलाई संगीतकार संघ नेपालको संगीतकर्मी कल्याणकारी कोषबाट आर्थिक सहयोग गरिएको छ । लामिछानेलाई उनकै निवास नगरकोट नगरपालिका बागेश्वरी पुगेर नगद १५ हजार १ सय ११ हस्तान्तरण गरिएको हो । संगीतकार संघका पदाधिकारी र पत्रकारको उपस्थितिमा लामिछानेलाई सहयोग रकम हस्तान्तरण गर्दै संघका अध्यक्ष लक्ष्मण शेषले उनले प्रयोग गर्दै आएको औषधीको एक बर्ष सम्मको खर्च संघले जुटाउने प्रतिबद्धता ब्यक्त गरे ।

उच्च रक्तचाप र मधुमेहबाट दाहिने भाग प्यारालाइसिस हुँदा लामिछाने घर बाहिर निस्कन सकेका छैन । बिगत दश बर्षदेखी बिरामी परेका भएका उनले मासिक झण्डै १० हजारको औषधी सेवन गर्नु पर्ने लामिछानेको परिवारले जानकारी दिएको छ । संगीतकार संघ नेपालले स्थापना गरेको कल्याणकारी कोषमा देश बिदेशबाट रकम जम्मा हुदै गर्दा एउटा श्रष्टाको औषधी खर्च जुटाउन सक्ने हिम्मत मिलेको अध्यक्ष शेषले बताए ।

आर्थिक अवस्थाका कारण उपचारमा कठिनाइ भएको स्वास्थ्य समस्या दिनानुदिन जटिल बन्दै गएको परिवारका सदस्यको भनाई छ । २०१५ साउन १ गते भक्तपुर जिल्लाको बागेश्वरी गाविस वडा नं ३ मा किसान परिवारमा जन्मेका लामिछानेले लोक गायकको रूपमा लामो समय सम्म रेडियो नेपालमा योगदान दिएका छ । उनले हिजो आजका कुरा, तितो सत्य लगायतका नेपाली टेलिश्रृंखलाहरूमा पनि अतिथी भूमिका निर्वाहसमेत गरेका छन् ।

संगीतकर्मी कल्याणकारी कोषका तर्फबाट सहयोग रकम हस्तान्तरण गर्ने कार्यक्रममा संगीतकार संघका उपाध्यक्ष आलोक महासचिव महेश खडका, कोषाध्यक्ष हरी लम्साल, सदस्य पारस मुकारूङ, मिलन मोक्तान, संघका कानुनी सल्लाहकार एबं गीतकार राम भटटराई, संघका प्रेस सल्लाहकार एबं गीतकार लोकराज अधिकारी र पत्रकार सिताराम बडालको उपस्थिति थियो ।

# लोकगायक बस्नेतलाई श्रुति अभिनन्दन




हरेक वर्ष जस्तै यस वर्ष पनि श्रुति संगीत विद्यालयले सम्मान गरेको छ । मङ्सिर २५ गते शनिवार नेपाल पर्यटन बोर्डमा कार्यक्रमको आयोजना गरी लोक गायक कुमार वस्नेतलाई लाइफ टाइम एचिभमेन्ट स्वामी नारायणचार्य श्रुति अभिनन्दन गरेको हो । गीतकार राजेन्द्र शलभ, गायिका कुन्ति मोत्तान, गायक रामकृष्ण ढकाल र संगीतकार आलोकश्रीलाई श्रुति संगीत सम्मानबाट सम्मानित गरेको हो ।

गायक तथा संगीतकार नरहरि प्रेमीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा गायक कुमार बस्नेतको सम्मान विभिन्न कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए । गायक कृष्ण काफ्ले, अमृत क्षेत्र, तिलक बममल्ल, नरहरि प्रेमी, गायिका जुना प्रसाई लगायतका कलाकारहरूले कुमार बस्नेतको चर्चित गीतहरू गाएर सम्मान व्यक्त गरेका थिए ।

राष्ट्रकवि माधव प्रसाद घिमिरेको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा विद्यालयले संगीतकार संघको कल्याणकारी कोषका लागि २५ हजार १ सय ५१ रकम हस्तान्तरण गरिएको थियो । उक्त रकम विद्यालयकी प्रबन्ध निर्देशक पुष्पा पौडेलको हातबाट संगीतकार संघका अध्यक्ष लक्ष्मण शेषलाई हस्तान्तरण गरिएको थियो । श्रुति संगीत विद्यालयले नेपाली संगीतको श्रीवृद्धिका लागि यस किसीमका विविध गतिविधिहरूलाई संगीत परम्पराका रूपमा स्थापीत गराउने बारे जानकारी दिंदै यस कार्यमा सबैको सहयोगको खाँचो रहेको संस्थाका संरक्षक डा. भोला रिजालले बताए ।



## जंगमलाई लाइफटाइम अचिभमेन्ट अवार्ड

# अन्जु र प्रमोद उत्कृष्ट गायक गायिका




गीतको सम्मान, संगीतको सम्मान र स्रष्टाको सम्मान भन्ने मूल नारा सहित बिगत ६ बर्षदेखि आयोजना गरिँदै आइएको बिन्ध्यबासिनी म्यूजिक अवार्ड २०७३ को सातौं संस्करण सम्पन्न भएको छ । वरिष्ठ संगीतकार दीपक जंगमलाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गर्दै विन्ध्यवासिनी अवार्डको सातौं संस्करण सम्पन्न भएको हो । गीतसंगीत क्षेत्रमा अतुलनीय योगदान पुऱ्याए वापत जंगमलाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको हो । जंगमलाई अवार्ड समारोहका बीचमा ५११५१ (एकाउन्न हजार एक सय एकाउन्न रूपैयाँ) नगद राशि सहित सम्मान गरिएको छ ।

त्यस्तै गीतसंगीतकै क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए वापत गायक रामकृष्ण ढकाललाई संगीतरत्न सम्मान प्रदान गरिएको छ । ढकाललाई १५५१५ (पन्ध्र हजार पाँच सय पन्ध्र रूपैया) नगद राशि सहित विन्ध्यवासिनी संगीतरत्न सम्मान प्रदान गरिएको हो ।

त्यस्तै चर्चित पत्रकार सुमन खरेललाई यसवर्षको विन्ध्यवासिनी कला पत्रकारिता सम्मानबाट सम्मानित गरिएको छ । उनलाई २५, ५२५ (पच्चिस हजार पाँच सय पच्चिस) रूपैयाँ राशि सहित सम्मान प्रदान गरिएको हो । त्यसैगरी यस वर्ष अत्यधिक चर्चा र कमाइको हिसाबले पनि अगाडि रहेको चलचित्र छक्का पन्जाकी निर्देशक दीपाश्री निरौलालाई विन्ध्यवासिनी चलचित्र सम्मान प्रदान गरिएको छ । उनलाई १०,००१ (दश हजार एक रूपैयाँ) राशि सहित सम्मान गरिएको हो । तर छक्का पन्जा टिमका हाँस्यव्यङ्ग्य कलाकार आरपी (रूद्रप्रसाद) भट्टराईको निधनको कारण अन्त्यष्टिका लागि गएकी निर्देशक एवं नायिका उक्त सम्मान ग्रहण गर्न असमर्थ रहिन् ।

कार्यक्रममा सातौं विन्ध्यवासिनी म्यूजिक अवार्ड २०७३ का लागि नोमिनेशनमा परेका विभिन्न ३१ विधाका गीतसंगीतका कला र कलाकारहरूका लागि अवार्ड प्रदान गरिएको छ ।



**अवार्ड प्राप्त गर्नेको नामावली यसप्रकार रहेको छः**

१. सर्वोत्कृष्ट नव प्रतिभा पप तथा सुगम संगीत – कमल सौराग
२. सर्वोत्कृष्ट लोक दोहोरी मोडल – शंकर बि.सी र अन्जली अधिकारी
३. सर्वोत्कृष्ट पप गायन पुरूष – बादल प्रसाईं
४. सर्वोत्कृष्ट नव प्रतिभा– नहकुल ढकाल
५. सर्वोत्कृष्ट मोडल जोडी पप तथा आधुनिक भिडियो – सनम कठायत र वर्षा राउत
६. सर्वोत्कृष्ट एरेन्जर – सुदिप सगर
७. सर्वोत्कृष्ट चलचित्र संगीत – अर्जुन पोखेल
८. सर्वोत्कृष्ट गीत – नदेखुँ भन्छु – सुदिप रेग्मी
९. सर्वोत्कृष्ट गायक लोक दोहोरी – हरि डाँगी
१०. सर्वोत्कृष्ट पार्श्व गायिका – मेलिना राई
११. सर्वोत्कृष्ट लोकदोहोरी– कलेजी छिनायौ, एकनारायण भण्डारी
१२. सर्वोत्कृष्ट रचना सुगम संगीत– राजकुमार बगर
१३. सर्वोत्कृष्ट गायिका सुगम संगीत – अन्जु पन्त
१४. सर्वोत्कृष्ट एल्बम सुगम संगीत – पदमा लिंखा मगर
१५. सर्वोत्कृष्ट गायक सुगम संगीत – प्रमोद खरेल
१६. सर्वोत्कृष्ट राष्ट्रिय भावनाले ओतप्रोत गीत टोपी लाए पनि हुन्छ – क्षेत्र प्रताप अधिकारी
१७. सर्वोत्कृष्ट लोक दोहोरी रचना – प्रह्लाद सुबेदी
१८. सर्वोत्कृष्ट सुगम संगीत – राजेश थापा
१९. सर्वोत्कृष्ट पप गायन – आकांक्षा बस्याल
२०. सर्वोत्कृष्ट युगल गायन – टिका प्रसाईं र राजेश पायल राई
२१. सर्वोत्कृष्ट लोक दोहोरी भाका – रामु खड्का
२२. सर्वोत्कृष्ट महिला गीतकार – बबी गुरूङ निश्चल
२३. सर्वोत्कृष्ट सम्पादन म्युजिक भिडियो – निशान घिमिरे
२४. सर्वोत्कृष्ट म्युजिक कम्पनी – कामना म्युजिक प्रालि
२५. सर्वोत्कृष्ट संगीत पप – जुगल डंगोल
२६. सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशन सुगम संगी – सुरज श्रेष्ठ
२७. सर्वोत्कृष्ट लोक दोहोरी गायिका – मुना थापा
२८. सर्वोत्कृष्ट पार्श्व गायन पुरूष – सुगम पोखेल
२९. सर्वोत्कृष्ट ध्वनि मुद्रण – साजन शाह
३०. सर्वोत्कृष्ट छायाँकार म्युजिक भिडियो – हरि हुमागाईं
३१. सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशन लोकदोहोरी – शिब बि.क
३२. पब्लिक च्वाइस अवार्ड – मिरा पोखेल

# जोशीप्रति सांगीतिक संघको श्रद्धान्जली





अमर स्रष्टा गायक रूवि जोशीको १३ औं दिनको पुण्यतिथीका अवसरमा नेपाल सांगीतिक संघले श्रद्धान्जली सभाको आयोजना गरेको छ । मङ्सिर २२ गते बुधबार संघले आफ्नै सभाहलमा कार्यक्रमको आयोजना गरी गायक जोशीप्रति श्रद्धान्जली अर्पण गरेका थिए । सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा संस्थाका सल्लाहकार रविन शर्माको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा निर्देशक समाजमा निवर्तमान अध्यक्ष दिनेश डिसी, ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ ज्योतिप्रकाश विश्वकर्मा लगायतको आतिथ्यता रहेको थियो । स्रष्टा कलाकारको बाक्लो उपस्थितिकाबीच भएको श्रद्धान्जली सभामा संघका सल्लाहकार रविन शर्माले गायक जोशीको सांगीतिक पक्षका बारेमा बोलेका थिए । संघका पूर्व अध्यक्ष समेत रहेका गायक जोशीको सांगीतिक जीवनका विविध पाटाहरूलाई केलाउँदै शर्माले भने– जोशी नभएको भए एउटा गायनको यात्रा नै हुँदैनथ्यो ।

त्यस्तै सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले आफूले भौतिक रूपमा भेट गर्न नपाए पनि उहाँको सिर्जनाले नजिक बनाएको बताए । कार्यक्रमका सभापति एवं संघका अध्यक्ष मिलन मोक्तानले रूवि जोशीसँगको पारिवारिक सम्बन्ध र उहाँसँगको सहयर्काका बारेमा स्पष्ट पार्दै संघको निम्ति उहाँको योगदान अतुलनीय रहेको बताए । कार्यक्रम संघका महासचिव सन्तोष श्रेष्ठले संचालन गरेका थिए ।

सोही कार्यक्रममा दुवै मृगौला फेल भएर उपचारार्थ रहेका पशुपति म्यूजिकका संचालक शिव पौडेलको उपचारका लागि दश हजार रूपैयाँ हस्तान्तर गरिएको थियो । संघका तर्फबाट अध्यक्ष मोक्तानले संगीत उद्योग संघका सदस्य उमेश गुरूङको हातमा १० हजार रूपैयाँ हस्तान्तर गरेका थिए ।

# क्यान्सर पीडित लामालाई फाउन्डेसनको सहयोग

विगत ४ महिनादेखि क्यान्सरबाट पीडित बनेका रामकुमार लामालाई फूलमाया कार्की फाउन्डेसनको तर्फबाट सहयोग प्रदान गरिएको छ । आर्थिक अभावका कारण विभिन्न समस्यामा परेकाहरूलाई सहयोग गर्ने उद्देश्यले स्थापना भएको संस्था फूलमाया कार्की फाउन्डेसनको तर्फबाट रिभिल अस्पताल नयाँ



बानेश्वरमा उपचारार्थ रहेका क्यान्सर पीडित लामालाई उपचारका लागि सहज होस् भन्दै १६ हजार रूपैयाँ सहयोग प्रदान गरिएको हो । फाउन्डेसनका अध्यक्ष विरही कार्की लगायतका सदस्यहरूले पीडित लामालाई सहयोग हस्तान्तरण गरेका हुन् । उक्त सहयोगमा योगेन्द्र थापा, सिर्जु मगर, दुर्गा बास्कोटा, तिलक पुन, अर्जुन अधिकारी, हिम कुमार थापा, गीता पहाडी, अर्जुन गुरूङ, प्रेम गुरूङ, ध्रुब हिमाली, जीवन श्रेष्ठ, मुकेश दाहाल लगायतको साथ सहयोगमा फूलमाया कार्की फाउन्डेशनले सहयोग जुटाएको हो ।

फाउन्डेसनका तर्फबाट चलाईएको यो सामाजसेवाको अभियान अन्तर्गत अब छिट्टै लोक गायक बुद्धिकृष्ण लामिछानेलाई सहयोग गरिने अध्यक्ष कार्कीले बताए । त्यस्तै फाउन्डेसनले आपतकालीन कोषको पनि घोषणा गर्दै सहयोग जुटाउने तीब्र रूपमा अगाडि बढेको फाउन्डेसनका अध्यक्ष कार्कीले जानकारी दिए ।

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Bi-weekly Magazine पाक्षिक

**सल्लाहकार**
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
मिलन मोक्तान
सन्तोष श्रेष्ठ

**प्रकाशक/सम्पादक**
सबिता पोखरेल

**प्रधान सम्पादक**
सुमन बैरागी

**सम्वाददाता**
राधिका अधिकारी
दिनेश थापा

**व्यवस्थापक**
अविनाश लम्साल

**तस्वीर**
नवीनबाबु गुरुङ
देवराज आचार्य

## सम्पादकीय

# पैसामा कला छ, कलामा पैसा छैन

नेपाली संगीत क्षेत्रको पछिल्लो उदाहरणमा खड्किएको विषय हो यो । जुन कार्यक्रम होस् या संगीतकर्मीको भेला जहाँ पनि उदासिन देखिन्छ संगीतका कुरा । संगीतमा लगानी बालुवामा पानी भन्ने उखान अहिले अलि परिवर्तन भएर आएको रहेछ । हरेक भेट र बहसमा संगीतकर्मीको उदासिनताभित्र देखिएको शब्द हो 'पैसामा कला छ, कलामा पैसा छैन ।'

यसलाई कसरी परिभाषित गर्ने आफैंमा एउटा सोचनीय विषय बन्न पुगेको छ । पैसा हुनेसँग कला छ र कला हुनेसँग पैसा छैन भन्नेमा धेरै मतभेद हुन सक्छ । यहाँ पैसा हुनेहरूले केही मेहनत गरेकै भरमा कलाकार बन्न सक्छन् तर कला भएकाहरूसँग पैसा नहुँदा उसको राम्रो कला सिर्जना मरेर गइरहेको अवस्था छ । उदाहरणका लागि लिन सकिन्छ की पछिल्लो समय गीत गाउनका लागि स्टुडियो छिर्नेहरू वा मोडलिङका लागि लाखौं तिर्नेहरू यी पैसामा कलाकार बनेका भीडभित्र देखिन्छ । वास्तविक रूपमा कला भएकाहरूले भने सयमा पाँच प्रतिशत मात्र सफलताको सूचीमा छन् भन्दा फरक पर्दैन ।

मुलुकको कस्तो बिडम्वना पछिल्लो समय गला र गल्लाकोबीचमा मतभेद भइरहेको छ । एकातिर गला हुनेहरूले वास्तविक रूपमा आफ्नो स्वरलाई प्रस्तुत गर्न नसकिरहेको अवस्था छ भने अर्कोतिर म यस्तो गरिदिन्छु, म फलानोलाई चिनाइदिन्छु भन्दै हिंड्ने गल्लाहरूको पनि कमी छैन । कसैले म्यूजिक भिडियो खेलाइदिने नाममा शोषण गरेको सुनिन्छ त कसैले एल्बम बजारमा ल्याइदिने बहनामा वर्षौं झुलेको सुनिन्छ । गला र गल्ला वा पैसामा कला छ, कलामा पैसा छैन भन्ने यी दुई लाइनमा संगीत क्षेत्रले ठूलो पीडा भोगिरहेको छ ।

लगानी गरेर आम्दानी गर्ने जमाना छैन संगीत क्षेत्रमा । यहाँ औंलामा गन्नेहरूले गला र कला विकाएका छन् भने अन्यले लगानी मात्र खर्चिरहेका छन् । आफ्नो रहर, शोखलाई पूर्णता दिनका लागि दिनरात खट्नेहरू एकातिर विकल्प खोज्दै उदासिन बनिरहेको अवस्था छ भने केही व्यवसायिक दिमाग भएकाहरूले पर्चेज गरेर हुन्छ वा यूट्यूबलाई बुस्ट गरेर हुन्छ पैसा कमाउने सपनामा धेरै कलाकारलाई 'मुर्गा' बनाइएको अवस्था पनि बजारमा जगजाहेर छ । कलाकारिताभित्र पैसा छैन भन्ने हो भने केहीले यही कलाकारितामा घर, गाडी, ऐशआराम गरिरहेको अवस्था छ । तर धेरैले कलाकारितामा लागेर आफ्नो जीवन समर्पण गरे पनि मर्नेबेलामा औषधी नपाएर, थलिएर, जीवनलाई मृत्युवरण गरेको अवस्था छ । मुलुकका लागि कलाकारिताबाट जति योगदान दिए पनि पारिवारिक रूपमा भने कमजोर भएकाहरूको अवस्थाले अब सरकारी तबरबाटै ठोस योजना आउनुपर्छ संगीत क्षेत्रमा पनि । कलाकारको सम्मान, अधिकार, अस्तित्व र पहिचानको रक्षा हुनु पनि जरूरी देखिन्छ । पैसा हुनेको मुठ्ठिमा मात्र कलाकारिता हुनुपर्छ भन्दै गइयो भने कलाकारिता नै रित्तिन सक्छ तर पैसा हुनेहरूलाई साथमा लिएर कला गला हुनेहरूलाई अगाडि लैजानुपर्ने अवस्था भने आज टड्कारो रूपमा देखिएको छ ।

# नेपाली सङ्गीतमा नातिकाजी



टीका भण्डारी

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे,
उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे ....

यो नेपाली शिर उचाली संसारमा लम्कन्छ, जुनकिरी झैं ज्योति बाली अन्धकारमा चम्किन्छ (प्रेमध्वज प्रधान र साथीहरु), आज र राति के देखें सपना मै मरिगएको, (नारायण गोपाल), सपना भुलाई सारा आँसु पिएर जाऊ, (योगेश वैद्य), एउटा तारा झर्दा पनि आकाश सिंगै रित्तो लाग्छ, तिम्लाई हाँसेर बिदा मात्र दिइसकेथें, (तारा देवी), यस्तो पनि हुँदोरै'छ जिन्दगीमा कैले कैले (फत्तेमान), पर लैजाऊ फूलहरु, छोपिदेउ तारा जुन (प्रेमध्वज प्रधान), उकाली ओरालीहरुमा, फूलको थुँगा बगेर गयो गंगाको पानीमा, न आऊ जुन कोठामा एक्लै कोठामा, सान्नानीको गालैमा कालो कोठी रै'छ, देशका लागि नबग्ने त्यो रगत होइन त्यो पानी हो आदि सदाबहार संगीतहरु हन्, नातिकाजीका नेपाली संगीतमा ।

### परिवार, अध्ययन र जीवन

नातिकाजीको पूरा नाम नातिकाजी मलेकु हो । उनको वास्तविक नाम भने अमृतलाल हो । उनको जन्म ३ पुस १९८२ साल पुल्चोक ललितपुरमा भएको हो । आमा चम्पादेवी पिता मोहनलालका सुपुत्रका रुपमा जन्मिएका नातिकाजीले प्रारम्भिक शिक्षा पशुपति पाठशालाबाट, माध्यमिक शिक्षा चाबहिल रात्री स्कुलबाट र आईए तहको अध्ययन त्रिचन्द्र कलेज घन्टाघरबाट गरेका हुन् । नारायणगोपाल भन्दा १६ वर्ष जेठा उनी तर नारायणगोपालसँगै त्रिचन्द्र कलेजमा पढेका थिए । उनी संगीत पढ्न भारतको इलाहाबाद पुगे जहाँ उनले धेरै मेहनत र लगनका साथ संगीतमा बिसारद गरे ।



उनी आफ्नो कक्षाका अब्बल बिद्यार्थी थिए । उनलाई संगीतका कुनै कुरा घोकाउनु या दोहोऱ्याई रहनु पर्दैन थियो । साह्रै छिटो पाठ ग्रहण गर्थे । संगीतका सिद्धान्त र प्रयोगात्मक परीक्षामा सधैं अगाडि हुन्थे । २०१७ सालमा उनले सरस्वती राजभण्डारीसँग विवाह गरे जुनबेला उनी १४ वर्षका मात्र थिए सरस्वती आफूभन्दा अझै सानी थिइन् । आफूले केटी हेरेनन्, परिवारले हेरिदिएको केटीसँगै उनको परम्परागत रुपबाट विवाह भएको थियो । उनी भन्थे, 'सायद मैले हेरेको भए म बेठिक पनि हुन सक्ने थिएँ होला, मातापिताको आशीर्वादले नै म वैवाहिक जीवनमा सफल भएको हुँ, सरस्वती साँच्चिकै सरस्वतीकै वरदान हुन् ।' नातिकाजीका तिन सन्तान भए, तिनैजना छोरी । संगीता, कविता र सविता । तिनैजना व्यावहारिक जीवनमा उत्तिकै सफल छन् । नातिकाजीको मूल घर पाटन भए पनि मावली गुहेश्वरीका आचार्य हुन् । गुहेश्वरी मन्दिरमा पूजाआजा गर्ने आचार्य नेवार समुदायका नै हुन् । त्यस्तो धार्मिक परिवारमा नातिकाजीको बालापन बित्यो । यसैले उनी भजन-कीर्तनमा खप्पिस नै थिए ।

### जीवन, कला र संघर्ष

२००७ साल चैत २० गते रेडियो नेपालको स्थापना भएपछि नै नेपाली संगीतको प्रचारप्रसार पनि सूक्ष्म रुपबाट सुरू भएको थियो । स्थापनाकालमा नातिकाजी, धर्मराज थापा, हरिप्रसाद रिमाल आदि अग्रणी स्थानमा थिए, त्यसमा नातिकाजी संगीत विधाको लिडरकै रुपमा थिए । नेपाली संगीतलाई दरबार, दरबारिया, हिन्दुस्तानी उस्तादहरुको बोलाबाला र ग्रामोफोनको एक किसिमको कस्टकर रेकर्ड प्रणालीबाट मुक्त गरी रडियो नेपालमै गीत रेकर्ड गराउने कार्यमा नातिकाजीले महत्वपूर्ण योगदान पुऱ्याए । स्वर्णीम युग स्थापना गर्ने पहिलो सांगीतिक सर्जक हुन्, उनी । नातिकाजी जुन बेला नेपाली संगीतमा उदाए त्यसबेला नेपालमा हिन्दी संगीतको प्रभाव निकै गहिरो थियो । नातिकाजीले हिन्दी गीत संगीतको गहिरो प्रभावलाई विस्थापित गर्न नेपाली भाव, नेपाली रस माधूर्यपनले भरिएका गीत-संगीतको सिर्जना गर्दै आफ्नै परिवेशका गीत निर्माण गर्न थाले । उनी नेपाली संगीतमा हिमालझैं उभिए । विदेशी संगीतको एक किसिमको अतिक्रमणमा पहाडझैं ढाल बनेर बसिदिए, अरु सर्जकहरुका लागि । यही रफ्तारमा कलकत्तामा गएर नेपाली गीत-संगीत रेकर्ड गरेर नेपालमा प्रसारमा ल्याउने परम्परालाई पनि यिनको कदमले बिस्तारै नेपाली संगीतप्रेमीहरुको हितमा काम गर्दै गयो। पहिचान खोजिरहेको नेपाली संगीतको वास्तविक पहिचान दिलाउन तन, मन र जीवन अर्पण गरे । नेपाली आधुनिक सुगम संगीतको वास्तविक जीवन तस्बिर कोर्ने महामानव नै भने हुन्छ, उनलाई । नेपाली संगीतको वास्तविक धुन या लय र त्यसको मिठास कस्तो हुन्छ भन्ने कुराको वास्तविक पहिचान पनि यिनैले दिएका हुन् । वास्तवमा यिनी पूर्वीय पाश्चात्य र नेपाली लोक परम्पराको बारेमा गहिरो जानकार थिए । उनले गीतमा संगीत मात्र दिएनन् चलचित्र, नाटक, गीति नाटक, अपेरा, ब्याक ग्राउन्ड संगीत, लोकगीत संकलन, संगीत संयोजन, वाद्यवादन सबै खाले विधामा आफूलाई अभ्यस्त राखेका थिए ।

नातिकाजी साइकल चढेर रेडियो नेपाल आउँथे । उनी जीवनभर शाखा अधिकृत पदमै रहे र त्यही पदबाटै अवकाश पनि भए । उनी अफिसबाट कुनै किसिमको अतिरिक्त सुविधा लिएका थिएनन् र पाएनन् पनि । अफिस आउने जाने क्रममा धेरै पछि मात्र उनले सानो सय सीसीको मोटरसाइकल चढ्न थालेका थिए । अत्यन्तै साधारण जीवन जिउन मन पराउँथे उनी । राष्ट्रलाई दिने कुरा मात्र सोच्दथे, लिने कल्पनासमेत गर्दैनथे । क्रोध, लाभ, लोभ, ईर्ष्या आदिबाट पनि टाढा थिए, उनी । उनले चाहँदा रेडियो नेपालको कार्यकारी निर्देशक नै परिवर्तन गर्न सक्ने क्षमता थियो तर कहिलै दुरूपयोग गरेनन्, भएनन् पनि। उनी पार्किन्सन रोगले ग्रसित थिए । नातिकाजी यो संसार छोडेर जानु केही समयअघि मात्र गीतकार राममान तृषितलाई इसारा गर्दै गीत लेखेका छौं भनेका थिए तर त्यो चेतन अवस्थामा थिएन उनको । राममानले तैपनि जवाफ फर्काए, नातिकाजीलाई तपाईं अहिले संगीत गर्न सक्नुहुन्न भने । राममानले सबैलाई हेर्दै भने, 'उहाँको अचेतनतामा समेत संगीत छ । ७-८ वर्षको उमेरदेखि नातिकाजीले हार्मोनियम बजाएका थिए भने संसार त्याग्नुभन्दा केही दिनअघिसम्म पनि उनी हार्मोनियममै औंला चलाइरहेका थिए, भावमा । सम्भवतः सबैभन्दा लामो समय जीवनभरि हार्मोनियम बजाएर हजारौं कृति निर्माण गर्ने स्रष्टा पनि उनी नै हुन्, नेपाली संगीतमा । नातिकाजीलाई श्रद्धाञ्जली दिन एकेडेमी पुगेका राष्ट्रकविले भनेका थिए, 'आजदेखि मेरो आधा मृत्यु भयो । यसबाट पुष्टि हुन्छ कि धेरै स्रष्टाका लागि उनी आधा जीवन, आधा अंगझैं बनेका थिए । उनले २००७ देखि २०३४ सालसम्म नायब सुब्बा स्तरको कलाकारको पदमा संगीत शाखाको नेतृत्व गरे भने २०३४ सालदेखि २०३४ सालसम्म संगीत प्रबन्धक पदमा रहेर संगीत शाखालाई डोहोऱ्याए । त्यसपछिका दिनमा सल्लाहकार भएर पनि केही वर्ष काम गरे। २०६० सालमा उनी सबैलाई छोडेर सदाका लागि नेपाली सांगीतिक संसारबाट अस्ताए ।

### नातिकाजी र तारादेवीबिचको ट्युनिङ

नातिकाजी र तारादेवीबिच अति आत्मीय सम्बन्ध थियो । नातिकाजी कुनै राम्रो गीत-संगीत हुनेबित्तिकै सबैभन्दा पहिला तारादेवीलाई नै सुनाउँथे । तारादेवी पनि नातिकाजीको स्वीकृतिबेगर अरु संगीतकारहरुका गीत गाउँदिन थिइन् । त्यही भएर नातिकाजीले संगीत गरेका अधिकांश गीत तारादेवीले नै गाएकी पनि छन् । सुरूआती चरणमै नातिकाजीको संगीतमा ताराले गाएका गीतहरु काली पारे दाइ कति राम्रो, टाडाबाट बोलाएको तिमीलाई नै हो मैले, आकाशको तिर्मिरे तारा म गन्न सक्दिनँ, ढल्के टोपी नलाउनु दाजु, उकाली ओरालीहरुमा, जतातते खोजें मेरो मुटुभित्रलगायतका दर्जनौं गीत तारादेवीले नातिकाजीकै संगीतमा गाइन् । ती गीतहरु रेडियो नेपालका श्रोताहरुको रोजाइमा वर्षौंदेखि गुन्जिरहेका छन् । तारादेवीले गाएका बहुचर्चित गीतहरु उकाली ओरालीहरुमा, शुभकामना भरि, आऊ नआऊ तिम्रो खुसी (किरण खरेल), तिम्रा पाउहरुमा सधैं, आँसु र सुस्केरा, तिमीलाई हाँसेर बिदा मात्र, एक्लो जीवनमा, मनको निश्चलता, यति ठुलो संसारमा, तिमीले दिएका, सोचेजस्तो हुन्न जीवन (दिनेश अधिकारी), फूलको थुंगा (संगीत नातिकाजी शिवशंकर), मलाई हाँसी देऊ नभन (नातिकाजी-गोपाल योञ्जन), धेरैले लेखे (डा.कृष्णहरि बराल), नौ गेडीको मेरो माला, यो नेपाली शिर उचाली, आमा भएर बोकी हेर सन्तानका पिरहरु आदि गीतहरु संगीतकार नातिकाजीको संगीतमा तारादेवीले गाएकी छन्, जुन गीतहरु तारादेवीको सांगीतिक जीवनका बहुमूल्य गीत नै हुन् भने नातिकाजिका लागि पनि यी संगीतहरु त्यति नै बहुमूल्य छन् र श्रोताका लागि त झन् अमूल्य नै मानिन्छन् । उनको संगीतमा सबैभन्दा बढी गाउने गायिका तारादेवी नै हुन् ।

### गायकका रूपमा नातिकाजी

संगीतकार नातिकाजी एक कुशल गायक पनि हुन् । उनले रेडियो नेपालमा झन्डै ४ दर्जन गीत आफ्नै स्वर र आफ्नै संगीतमा लाइभ रेकर्ड गरेका छन् । सुरूवाती चरणमा उनले गाएका आधुनिक गीत स्वर्गीय मविवि शाह, स्वर्गीय मोतीराम भट्ट, रवीन्द्र शाह, पुष्प नेपाली, किरण खरेल, माधव घिमिरे, लक्ष्मण लोहनी, कालीप्रसाद रिजाल, श्यामदास वैष्णव, निरविक्रम प्यासी, रमेश धिताल, केएस गुरूङ, भावुकलगायतका रचनामा गाएका छन् । ती गीत उनी आफैंले नै संगीतसमेत गरेका छन् । गायक संगीतकार दीपक जंगमले पछि गुलाम अलीका लागि संगीतबद्ध गर्नुभएको मविवि शाहले रचना गर्नुभएको 'के छ र दिऊँ तिमीलाई मैले' बोलको गीत पनि नातिकाजीले पहिले नै आफ्नै संगीत र स्वरमा रेकर्ड गराइसकेका हुन् ।

### सम्झना

नातिकाजी सदाभन्दा त्यो दिन केही चाँडो स्टुडियो छिरेका थिए । उनी स्टुडियो प्रवेश गर्नेबित्तिकै हामी पनि हतारिँदै स्टुडियो छिरयौं । त्यो दिन स्टुडियो छिर्नेबित्तिकै उनले रिसाएर भने, 'मैले पहिलेकै राम्रो भनेको थें तर यिनीहरुले मानेनन् ।' हामीले बुझेनौं उनको कुरा । के कुरा हो दाइ, भनेर हामीले नै सोध्यौं । उनले प्रस्ट्याए - बेलुका घर जाने बेलामा रेडियो नेपालका डाइरेक्टरले बोलाएर ७ बजेको समाचारको धुन परिवर्तन गर्नुपऱ्यो, भोलिदेखि नै बज्नुपर्छ निर्देशन छ भन्या रै'छ । नातिदाइको निद्रा नै खल्बलिए छ त्यसले, वास्तवमा निक्कै रिसाएका थिए नातिकाजी त्यो दिन । धुन परिवर्तन गर्ने कुराले उनको मन पटक्कै छोएको थिएन । यिनीहरु बुझ्दा रहेनछन् भन्दै नातिकाजी निकैबेर भुतभुताए । वास्तवमा डाइरेक्टरले पनि केही त नबुझेकै पनि हुन् भन्ठान्यौं हामीले पनि। समाचारको धुनजस्तो कुरा आजको भोलि हुने कुरा थिएन तर उनले ट्र्यापमै पारिदिएछन् भोलि नै चाहिन्छ भनेर। भर्खर प्रजातन्त्र आएको हुनाले धुन परिवर्तन गर्न मन्त्रालयबाटै निर्देशन भएबमोजिम निर्देशकले नातिकाजीलाई निर्देशन दिएको कुरा हामीले बुझ्यौं, यो २०४६ सालको जनआन्दोलन पछिको कुरा हो । प्रजातन्त्र आएको आभास दिन, परिवर्तनको अनुभूति दिलाउन नयाँ धुन गर्न खोजिएको होला सोच्यौं। जे भए पनि दाल-भात हो र यस्तो काम भन्दै ल सुरू गरौं भन्ने मुडमा बल्ल पुगे । त्यहीं कम्पोज गर्न सुरू गरे। १५-२० मिनेट आँखा चिम्लेर हर्मोनियम खेलाउँदै उनले धुन निकाले, हामीलाई सुनाए। हामीले वाह, आहा भनेनौं। उनले प्रतिक्रिया बुझेका रहेछन् । हाम्रो प्रतिक्रिया विचार गरेर फेरि अर्को धुन गुन्गुनाउन थाले । आधा घन्टा के घोत्लिएका थिए, उनले मिठो धुन निकाले । हामीले वाह यो राम्रो आयो भन्यौं । समाचारको नयाँ धुन सुनेर हामी खुसी भएको देखेपछि हाम्रो खुसीले उनको मुहारमा पनि खुसी छचल्क्यायो । उनी मुस्कुराए । ल ठिक छ गरौं न त भने। हामी रेकर्ड गर्न तयार भयौं । एरेन्ज आफैंले गरे उनले । संगीतकार भुपेन्द्र रायमाझीले सन्तुर, मैले मेन्डोलिन, विद्या मुकारूङले सितार, सुशील विश्वकर्माले बाँसुरी, राजु अग्रवाल, निरन्जन महर्जन, शिशिर क्षत्रीले तबला बजाए। धुन रेकर्ड भयो जुन धुन लोकतन्त्रको अघिल्लो बिहानीसम्म बज्यो, १८ वर्ष । निकै गर्व लाग्थ्यो, हरेक बिहानको ७ बजे आफूले बजाएको धुन बजेपछि मात्र समाचार सुरू हुन्थ्यो, रेडियो नेपालबाट ।

*लेखक: रेडियो नेपालका उपनिर्देशक एवं वरिष्ठ संगीतकार हुनुहुन्छ ।*



# लोकले रूचाएका त्रिलोक



त्रिलोक राना नेपाली गीत संगीतमा नाम चिनिएका गायक हुन् । कुनैबेला उनको बजारमा ठूलो डिमाण्ड हुन्थ्यो । भूपू मायालु, मन पराई तिमीले हत्ते गऱ्यौ नि, तिमी जस्तो छैन कोही जस्ता गीत बजारमा आउँदा त्रिलोकलाई लोकले निकै रूचाएको थियो । जतिबेला बजारमा रिलको एल्बमहरू बिक्री हुन्थे त्यतिबेला त्रिलोकलाई आफ्ना एल्बममा हस्ताक्षर गर्न भ्याइनभ्याइ हुन्थ्यो । पूर्वदेखि पश्चिमसम्म उनको स्वरलाई रूचाइएको थियो, उनको डिमाण्ड बढ्दो थियो । तर उनी बीचको समयमा निकै हराए । करिब ७ वर्ष उनी कहाँ गए, के गर्दैछन् केही अत्तोपत्तो भएन संगीत क्षेत्रमा । उनको अभाव भने खड्किरह्यो संगीत बजारमा ।

दुई दशकको सांगीतिक यात्रा पार गरिसकेका गायक त्रिलोक राना फरक पहिचानमा गीतसंगीतको क्षेत्रमा चर्चा बटुलेका गायक हुन् । उनको चर्चा शिखरमा पुगिरहेको बेला एक्कासी हराउनुले उनलाई पनि सँगै हराइदियो तर उनी ७ वर्षपछि पुनः 'वरदान' लिएर फर्किएका छन् । यतिका बर्ष कहाँ हराउनुभयो भन्ने प्रश्नमा उनी भन्छन् - 'म हराएको होइन, बजारको अनुकुलतालाई पनि मध्यनजर गर्दै थिएँ त्यही बेला म ठूलो विरामी परेँ । म अलि चुजी भएका कारण पनि ढिला भएको हो ।' जतिबेला संगीतको बजार लथालिङ्ग भयो त्यतिबेला म पनि लथालिङ्ग बन्न पुगेँ, उनले भने - '२० वर्षको सांगीतिक अनुभवलाई वरदानमा ल्याएको छु । वरदानमा विविधता, मेहनत र तपस्यालाई समावेश गरेको छु ।'

वरदानलाई अहिलेको ट्रेन्डसँग मिलाउँदै बजारमा पुनः उदाएका गायक राना स्रोताले फेरि पनि मन पराइदिन्छन् भन्नेमा ढुक्क छन् । बजारमा बिक्री हुने जमाना गए पनि हेर्ने जमाना भएका कारण देशदेखि विदेशसम्म अहिले राम्रोसँग त्रिलोक रानाका गीत सुनिदिनुहुनेछ भन्नेमा आशावादी छु, उनले भने । 'कि गीत बनाउँदै नबनाऔं यदि बनाएपछि सबैले मन पराउने खालको बनाऔं' भन्ने सोचसहित बजारमा आएका गायक त्रिलोक राना आफूलाई आफ्नै फ्लेबरको गायक बताउँछन् । बजार नराम्रो गीततर्फ उन्मुख भएकोमा चिन्ता व्यक्त गर्दै गायक राना भन्छन् - राम्रो गीतलाई आत्मसात गर्नुहोस् नराम्रोलाई छाडिदिनुहोस् ।




वरदान एल्बम किन सुन्नु पर्ने भन्ने प्रश्नमा गायक राना भन्छन्- वरदान आफैंमा फरक पहिचानको बनेको छ । यसमा मेरो मेहनतसँगै विविधता छन् । किन सुन्नु पर्ने हो भन्नका लागि पनि एकचोटी सुनेर भन्नुस् एल्बमभित्रका गीतले तपाईंलाई पार्ने प्रभाव आफैं थाहा हुन्छ, उनले भने । वरदान एल्बमभित्रको पहिलो गीत काँडा छोए फूल हुन्छ... किशोर थापाको शब्द र सुनिल मास्केको संगीतमा रहेको गीत उनलाई मन पर्ने गीत हो । यसले सबैको मनलाई छुनेमा पनि उनी ढुक्क छन् । संगीत, भूपू मायालु, मन पराई तिमीले हत्ते गऱ्यौ नि, तिमी जस्तो छैन कोही, वरको छायाँमा, मनको खाली भित्ताभरि जस्ता गीत जसरी मन पराइदिए त्यसरी नै त्रिलोकलाई लोकले मन पराउनेछन् । लोकशैलीमा मिठासपूर्ण स्वर दिने गायक रानाको वरदान एल्बम सांगीतिक वरदानकै रूपमा सावित हुने विश्वास लिइएको छ ।

वरदानमा काँडा छोए फूल बन्छ, कोही छ कि हाँ दौंतरी मिल्ने, तिमीलाई छुने हावा घाम भाग्यमानी, तिमीले सियोमा धागो हालेको, पहिलो भेटमा तिमीसँग माया गाँसु लाग्यो, बलाउँ झैं लाग्छ संसार सारा, मुटुको धूप जलिरहन्छ, भुलिदिनु भन्थ्यौ तिमीले जस्ता गीत समावेश गरिएका छन् । जसमा किशोर थापा, सुसन लामा, त्रिविक्रम पाण्डे, सुरेन्द्र राना, महेशचन्द्र गुरूङ, सरेन्द्र रानाको शब्द रहेको छ भने सुनिल मास्के, सुसन लामा, भानुभक्त ढकाल, सुरेश कुमार क्षेत्री, उदय शमशेर र शिला बहादुर मोक्तानको संगीत रहेको छ । यस एल्बमका निर्माता विरू मगर 'विछोड' हुन् । एल्बमलाई भाइब्स क्रियशनले बजार व्यवस्थापन गरेको छ ।

तस्विर: अनिल स्थापित

## प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

**प्रस्तोता समाज नेपाल**
**PERFORMERS SOCIETY OF NEPAL (PSN)**

अनामनगर, काठमाडौं,
फोनः ०१-४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

गीतकार रमेश बिजीको 'एउटा गीतको कथा'

# "मलाई लाग्यो संसार उल्टो चल्दैछ"



म हुरीमा दियो जलेको देख्छु
पानीमा आगो बलेको देख्छु
म पागल भएँकी यहाँ इमान हरायो
मायाले माया नै छलेको देख्छु
गीतकारः रमेश बिजी
संगीतकारः राजेश थापा
गायकः रामकृष्ण ढकाल
संगीत संयोजकः बी.बी. अनुरागी

मैले यो गीत लेख्दा मुलुकभित्रको सामाजिक सपना नै देखेको हुँ । पछिल्लो समय हाम्रो मुलुकको आधा हिस्सा युवा शक्ति विदेश पलायन भएको अवस्था छ । माया प्रेममा बाँधिएर विहे गरेपछि परदेशिएका श्रीमानहरू र स्वदेशमा रहेका श्रीमतीहरूले गरेका हर्कतहरू जुन गर्न नहुने थियो त्यो गरिएको देखिन्छ । अर्को जुन बाबुले छोरीमाथि गर्न नहुने कुकार्य गरिरहेको देखिन्छ । हाम्रो समाजले कल्पना नै गर्न नसक्ने, हुँदै नहुने घटनाहरूले मलाई सधैं नै सपना या विपनामा छटपटाहट बनाइरहन्थ्यो । ती घटनाहरू दिनानुदिन समाचार माध्यममा सुनिन आउँथ्यो, सामाजिक सञ्जालमा पोष्ट गरिन्थे । मलाई लाग्यो अब समाजमा इमान्दारित गुमिसकेछ, जो गर्न नहुने थ्यो त्यो गरिएको देखिरहिएको छ । मलाई लाग्यो संसार अब उल्टो चलिरहेछ भन्ने बुझेँ अनि यो गीत लेख्न सफल भएँ । मलाई पानीमा आगो बलेजस्तो लाग्यो, हुरीमा दियो जलेजस्तो लाग्यो, त्रिशुली उल्टो बगेजस्तो लाग्यो बरू म पागल सम्झुन् सबैले भनेर यो गीत लेखें । गीतको भावमा म आमाले सन्तान ठगेको, प्रेमीले प्रेमिका ठगिएको यो कलियुगमा सिताले रामलाई ठगेकोसमेत देख्न पुगेँ । समाजमा नहुनुपर्ने घटनाहरू जो भइरहेका छन् त्यसैले मलाई पागल बनायो र एउटा गीत सिर्जना भएको हो । यो गीतलाई राजेश थापाले संगीत भर्नुभएको छ । संगीत भरेपछि मैले गीतलाई फेसबुकमा पोष्ट गरें, त्यो गीतलाई विन्ध्यवासिनी म्यूजिकका संचालक सुवास रेग्मीजीले हेर्नुभएछ र मन पराएर यो गीत म लगानी गर्छु भनेर भन्नुभयो । मेरो सोचमा पनि यो गीत रामकृष्ण ढकाललाई गाउन दिने भन्ने थियो पछि सुबासजीले मलाई भेटेर बीबी अनुरागीको संगीत संयोजनका लागि लैजानु भयो । सुरूमा 'हुरी' एल्बमको नाम राखेर काम सुरू गरिएको थियो तर पछि रामकृष्ण ढकालजीले अत्यन्तै मन पराउनु भयो र आफ्नो एल्बम आवरणमा राख्छु भन्नु भयो । म पनि उहाँसँग सहकार्य गर्न अत्यन्तै इच्छुक थिएँ त्यो कामना पूरा भएजस्तो लाग्यो ।

म लोकदोहोरीमा चलिरहेको एउटा गीतकार थिएँ । लोकमा मलाई जुन उचाइ मिलेको थियो तर आधुनिकमा म पाइला टेकेको पनि थिइनँ । यो मेरो आधुनिकको पहिलो प्रयास थियो जसले सिधै उचाइमा पुर्‍याइदियो । यही गीतबाट मैले टुबोर्ग इमेज अवार्डमा सर्वोत्कृष्ट गीतकारको अवार्डसमेत चुम्न सफल भएँ । मेरो लोकदोहोरीमा पनि सररर पानी घट्टामादेखि हालसम्मका प्राय गीतले चर्चा पाइरहेँ, अवार्डहरू पनि धेरै नै चुमिसके तर मेरो आधुनिकमा यो पहिलो पाइला थियो । यसमा पनि म सबैतिरबाट 'राम्रो भएछ' भन्ने कुराले निकै हर्षित भएको छु ।

त्यसो मैले चलचित्र परदेशीको लागि पनि गीत लेखेँ । चलचित्रहरूमा लेखेका गीतमा परदेशीको गीतले पनि उत्तिकै चर्चा कमाउन सक्यो । जसरी परदेशी चलचित्र हिट हुँदै गयो मेरो सिर्जनाले पनि उत्तिकै सफला प्राप्त गर्‍यो भन्ने लागेको छ । भन्थ्यौ आमा नेपालमा दुःख छ, विदेशमा त पैसाको रूख छ भन्ने गीतले पनि निकै सफलता प्राप्त गरेको थियो । मेरा शब्दहरू आफैंमा गाउँको परिवेश वा कुनै समाजभित्र हुन्छ भन्ने मैले बुझेको छु ।

*सुमन बैरागीसँगको कुराकानीमा आधारित*



# सनमको समय

सनम कठायत यतिबेलाका चर्चित मोडल हुन् । म्यूजिक भिडियोको दुनियाँमा करि २५० भन्दा बढी गीतमा अभिनय गरिसकेका कठायतले आफ्नो अभिनयको पाँच वर्षे अवधिमा निकै उतारचढाव प्राप्त गरे । नेपालका चर्चित गायक गायिकाहरूको स्वरमा रहेका गीतहरूमा उनको अभिनय देख्न पाइन्छ । निरूता सिंहले गाएको गीतबाट अभिनयको यात्रा सुरू गरेका कठायतले आधुनिक गीतको क्षेत्रमा जति काम गरेका छन् काम अनुसारको चर्चा पनि प्राप्त गर्दै आइरहेका छन् ।

सबैको समय एक दिन आउँछ । 'काम गर फलको आश नगर' भन्ने हाम्रो उखानभित्र उनी पनि पर्छन् । पाँच वर्ष निरन्तर काम गरिरहेका सनमको समय बल्ल आउँदैछ । उनले पछिल्लो समय खेलेका म्यूजिक भिडियोहरू आफैंमा चर्चायोग्य बनेका छन् भने उनका गीतहरूले पनि मानसम्मान, अवार्डहरू चुम्न थालेका छन् । यसै वर्ष सम्पन्न दुई ठूला म्युजिक अवार्ड म्युजिक खबर म्यूजिक अवार्ड र बिन्ध्यबसिनी म्युजिक आवर्डमा सर्बोत्कृस्ट मोडलको चुम्न सफल भएका सनमले यसै वर्ष सम्पन्न नेशनल क्यापिटल अवार्डसमेत प्राप्त गर्न सफल भए । यसरी हेर्दा सनमको समय बल्ल आएको रहेछ अर्थात् उनको कामको मूल्याङ्न हुन थालेको देखिन्छ ।

उनी अभिनयमा जति पोख्त छन् उनको अध्ययनको हिसाबले पनि उनी त्रिभुवन विश्वविद्यालयबाट मेडिकल माइक्रमेबायोलोजीमा एमएस्सी गरेका मेडिकल पर्सन हुन् । उनी कान्ति बाल अस्पतालमा कार्यरत छन् भने करिब दश वर्षदेखि संचार क्षेत्रमा काम गर्दै आइरहेका छन् । पछिल्लो समय गोर्खा एफएम कार्यक्रम संचालन गर्दै आइरहेका कठायतले सगरमाथामा टिभीमा प्रशारण भइरहेको 'लै बरी' गायन प्रतियोगिता र एनटीभी प्लसमा संचालित 'योङ स्टार डान्स कम्पिटिशन'को अफिसियल होस्टका रूपमा समेत काम गर्दै आएका छन् ।

अभिनय, कार्यक्रम होस्ट, मेडिकल पर्सन र संचारकर्मी उनको परिचय बन्दै आएको छ । समयअनुसार उनको परिचयमा सम्मान बढ्दैछ भने काममा उनको समर्पण पनि जारी छ ।











२०७३ मङ्सिर १५ देखि ३० सम्म

म्यूजिक खबर www.musickhabar.com Musickhabar Bi-weekly Magazine पाक्षिक

**सुप्रिया कटवाल, मोडल**

तस्वीरः श्रीधर पौडेल

## शान्तिप्रियलाई हरितारा, श्रेष्ठलाई परिवर्तन सम्मान




नेपालको पुरानो चलचित्र पुरस्कार गुठी हरितारा चलचित्र पुरस्कार गुठीले यस वर्षको हरितारा चलचित्र पुरस्कार सदाबहार अभिनेत्री करिश्मा मानन्धर, वरिष्ठ डिजाइनर सुन्दर श्रेष्ठ र चलचित्र पत्रकार शान्तिप्रियलाई प्रदान गरेको छ ।

नेपाली चलचित्र क्षेत्रमा योगदान पुऱ्याएका एवं साधनारत स्रष्टाहरूलाई सम्मान गर्दै प्रोत्साहन गर्ने उदेश्यले स्व.विजया राणाले ३ लाखको अक्षयकोषसहित स्थापना गरिएको पुरस्कार नै हरितारा चलचित्र पुरस्कार हो । २०५२ सालमा स्थापना गरिएको यस पुरस्कारबाट थुप्रै दिग्गज कलाकार एवम् चलचित्रकर्मीहरू सम्मानित भइसकेका छन् । यस वर्षको पुरस्कार स्वरूप २०७२ सालको हरितारा चलचित्र पुरस्कार करिश्मा मानन्धरलाई प्रदान गरिएको हो भने २०७३ बाट संचारकर्मी शान्तिप्रिय र डिजाइनर सुन्दर श्रेष्ठ पुरस्कृत भएका हुन् । यी तिनैलाई जनहि नगद रू २५०००, ताम्रपत्र र रूद्राक्ष माला लगाएर पुरस्कृत गरिएको थियो ।

त्यस्तै यसै वर्ष स्थापना गरिएको दुर्गादेवी–पूण्य निरौला चलचित्र पुरस्कार २०७३ बाट निर्देशक एवं कलाकार सुभाष गजुरेललाई पुरस्कृत गरियो । उनी नगद रू १०००० सहित ताम्रपत्रले पुरस्कृत भएका हुन् ।

सोहि कार्यक्रममा निर्देशक एवं कलाकार सबिन बास्तोला, संगीतकार सन्तोष श्रेष्ठ र डा.श्यामकाजी महर्जनलाई ताम्रपत्र र रूद्राक्ष मालासहित परिवर्तन विशेष सम्मान २०७३ बाट सम्मानित गरियो ।

सम्मान एवं पुरस्कार अर्पण कार्यक्रममा चेतन कार्की, यादव खरेल, भुवन चन्द, चैत्यदेवी, बसुन्धरा भुषाल, मोहन निरौला जस्ता दिग्गजहरूको आतिथ्यता रहेको थियो । सम्मानित एवं पुरस्कृत सबैलाई व्यक्तित्वहरूले शुभेच्छा प्रकट गरे ।

अतिथिहरूले एउटा सम्मानितहरूलाई शुभकामना दिंदै हरितारा चलचित्र पुरस्कार एउटा गरिमामय पुरस्कारका रूपमा पाएको बताएका थिए । सम्मानित व्यक्तित्वहरूलाई शुभकामना दिंदै उनीहरूले यसको निरन्तरता हुनु सबैभन्दा ठूलो भएको बताएका थिए ।

## हार्दिक श्रद्धाञ्जली



**नौमती पुनमगर**

**राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालकी सचिव एवं चर्चित लोकदोहोरी गायिका राधिका हमालकी ममतामयी सासुआमा एवं म्यूजिक बैंक स्टुडियोका अध्यक्ष एवं कुशल एरेन्जर/गायक कृष्ण पुनको ममतामयी आमा नौमती पुनमगरको ७५ वर्षको उमेरमा असामयिक निधन भएकोमा म्यूजिक खबर परिवार हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।**

www.musickhabar.com
म्यूजिक खबर Musickhabar Bi-weekly Magazine पाक्षिक परिवार



# म अवसरवादी होइन: रेखा

नेपाली रजतपटकी सर्वाधिक नायिका रेखा थापा कुनै न कुनै स्क्याण्डलबाट चर्चामा आइरहन्छिन् । अभिनेत्री रेखा थापा करिव ६ वर्ष अघि नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबाट टिका लाएर माओवादी पार्टी प्रवेश गर्दा उनको चर्चा चरमबिन्दुमा पुगेको थियो । अझ संविधान सभा चुनावमा माओवादी पार्टीलाई प्रचारमुखी बनाउन 'लालुपाते नुघ्यो भुईंतिर' मा प्रचण्डसँग कम्मर मर्काएकी रेखा थापाको चर्चा अर्कै थियो । प्रचण्डसँग साँठगाँठ बनाएकी रेखा यतिबेला राष्ट्रवादी पार्टी भन्दै राप्रपामा प्रवेश गरेकी छिन् । उनले माओवादी प्रवेश गर्नु जनलहरको उपज हो भनेकी छिन् । आफू राप्रपा प्रवेश गर्नुका कारणहरू प्रस्ट पार्दै पार्टी अध्यक्ष कमल थापाबाट टीका ग्रहण गरेकी हुन् ।

### माओवादी प्रवेश

हिजो एउटा जनलहर थियो, एकपटक नयाँलाई मौका दिउँ न त भन्ने । नयाँ सोचलाई अवसर दिने जनलहरमा म एउटा कलाकारको नाताले माओवादीको जनलहरमा मिसिन पुगेको थिएँ । म जनताको खुसीका निम्ति, केही परिवर्तन हुन्छ कि भनेर गएको थिएँ । तपाईंहरूमा यस्तोखाले सोच या भ्रम केही होला, रेखा माओवादीको सदस्य हो । एउटा सफल कलाकार भएकाले एउटा पार्टीले स्वीकार्नु स्वाभाविक हो । त्यसैले होला, मलाई चुनावको टिकट पनि दिइएको थियो । तर टिकट पाएर पनि म उम्मेदवार हुन पाइनँ । त्यो प्राविधिक गडबडी थियो सायद, म राप्रपाको छोरी थिएँ, म राष्ट्रवादी युवती थिएँ, हिन्दु नारी थिएँ । जसले गर्दा राष्ट्रवादी पार्टी राप्रपामा प्रवेश गर्ने मौका पाएँ । रेखा अवसरवादी भने छैन र कहिल्यै अवसरवादी छैन ।

### चार वर्षपछिको निर्णय राप्रपा

तपाईंहरूको मानसपटलमा एक प्रकारको प्रश्नवाचक चिन्ह उब्जिरहेको होला, अकस्मात यो के भयो ? रेखा थापा एक्कासी राप्रपामा कसरी ? तपाईंहरूको मनमा उब्जिएको यो कुरा म राम्ररी अनुभूत गर्न सक्छु । नेपाली चलचित्रको इतिहास र पृष्ठभूमि हेर्दा, रेखा थापा को हो भनेर चिनाइराख्नु पर्दैन होला । कहिले दुर्गा, रामप्यारी, कहिले काली बनेर पर्दामा अन्याय अत्याचारको विरूद्ध उभिइसकेको छु । मेरा दर्शक, मेरा शुभचिन्तकजब म समाजसेवाका लागि कुनै दुर्गम, सहर जतासुकै जाँदा पनि हरेक जनताले ममा नेतृत्व क्षमता भएकी नायिकाको रूपमा देखेका छन् । रेखाले हाम्रो धर्मका कुरा उठाउँछे, हाम्रो रक्षा गर्न सक्छे भन्ने बुझिसकेका छन् । विचारको हिसाबले फरक भएको हो कि भन्ने प्रश्न उब्जिएको होला । रेखा थापा किन राप्रपामारूम विगत चार वर्षदेखि गहिरो अध्ययनमा थिएँ । राजनीतिलाई म नजिकबाट बुझिरहेको थिएँ । म एउटा हिन्दु नारी हुँ, राष्ट्रवादी केटी हुँ । जब जब धर्तीमा अत्याचार बढ्छ, तब रक्षाका निम्ति काली, दुर्गाको रूप धारण गरेर भगवानको वास हुन्छ रे । म गर्वका साथ भन्न सक्छु, राप्रपा नेपाल नै मेरो घर थियो । यो नै मेरो विचारसँग सहमत हुने पार्टी थियो ।

### धर्मको संरक्षण राप्रपा

म एउटा हिन्दु नारी हुँ, राष्ट्रवादी केटी हुँ । आज म निकै गौरवान्वित छु । म हिजो हिन्दु नारी, हिजो मन्दिर जाँदा पूजारीले भन्नुहुन्थ्यो, 'ए तपाईं नि मन्दिर आउनुभएकोरू'म बुझ्दिनथेँ, आज बुझ्दैछु । शालिनदीमा जन्मदिन मनाउँछु । अगरबत्तीबाट मेरो बिहानी सुरू हुन्छ । देश विदेश घुमेपनि मेरो संस्कार छोड्नुभएन नि। धर्म मेरो रगतमा छ । मेरो धर्मको संरक्षण यो पार्टीमा भएकाले म यहाँ छु।मलाई लाग्छ, तपाईंहरू सबैजना राष्ट्रियताको पक्षमा हुनुहुन्छ, जुनसुकै झन्डाको मुनि भएपनि । यो देश रेखा थापा, कमल थापा या अन्य नेताको मात्र होइन, पितापुर्खाले संरक्षण राखेको देशको रक्षा गर्नु हामी सबैको कर्तव्य हो । साउनमा हरियो चुरा लगाएर, तीजमा दिदीबहिनीको बीचमा नाचेर, दशैं, तिहारमा सद्भाव बाँड्ने नारी हुँ । यसको सम्मान राप्रपामा देखेँ, त्यसैले यो पार्टीमा छु ।

### योग्य र दुरदर्शी नेता भएका कारण

योग्य र दुरदर्शी नेता भएका कारण पनि मलाई राप्रपा नेपालले आकर्षित गरेको हो । जतिबेला मैले राजनीतिमा चासो राख्न थालेँ, फिल्मी भाषामा भन्दा कमल थापाको ग्रेट □यान थिएँ । फिल्मी भाषामा भन्दा उहाँ हिम्मतवाला हुनुहुन्छ । उहाँको एक्लो प्रयासले पार्टी यहाँसम्म आइपुगेको हो । यो भन्दा अगाडि हामी तपाईंहरूको साथमा छौं ।

### राष्ट्रियता र हिन्दु धर्मका लागि लडिरहन्छु

म राष्ट्रको विपरित गएर कुनै पनि सम्झौता गर्न सक्दिनँ । म राष्ट्रियताका लागि र हिन्दु धर्मका लागि लडिरहन्छु । म मेरा शुभचिन्तक, दर्शकको शुभेच्छालाई नकार्न सक्दिनँ । मेरा लाखौं □यानले राष्ट्रको पक्षमा उभिनुपर्छ भन्ने सुझावलाई मध्यनजर गर्दै अगाडि बढिरहेको छु । अहिले देशको आवश्यकता तपाईंहरूलाई थाहै होला । त्यसैले म राप्रपा आएको हुँ । म कुनै लोभमोहका कारण राप्रपा प्रवेश गरेको होइन । मेरो आ□नै आत्माको निर्णयले आत्मसन्तुष्टीका लागि पार्टी प्रवेश गरेको हुँ।तपाईंहरूलाई थाहै होला, म धर्मकासंस्कृतिका प्रत्येक चालचलन मानिरहेको हुन्छु । आगामी दिनमा राष्ट्रियता र हिन्दु धर्मका लागि लडिरहने छु । म अब जति योगदान दिन सक्छु, त्यो सबै यही पार्टीका लागि दिनेछु।

### राप्रपाको झन्डा ओढेर मर्न चाहन्छु

म कर्मनिष्ठ युवती हुँ । राप्रपा नै मेरो पहिलो र अन्तिम पार्टी हो । म राप्रपाको झन्डा ओढेर मर्न चाहन्छु । म १६ वर्षको थिएँ, फिल्ममा आउँदा । कति गल्ती गरेँ हुँला ! तपाईंहरूकै साथ र सहयोगले म यहाँसम्म आइपुगेको हुँ । हिजो मलाई जसरी सफल अभिनेत्री, सफल निर्माता, सफल निर्देशक बनाउनुभयो, त्यसरी नै अब पनि आलोचना गर्नुस्, हौसला दिनुस् तपाईंहरूले घच्घच्याएकै कारण म यहाँ छु । म एउटा क्षेत्रबाट अर्को क्षेत्रमा आउँदा केही गल्तीहरू अवश्य होलान् तपाईंहरूले सुधार्दै लैजानुहोला ।

–सविता पोखरेल



# मिडियासँग नजिक हुने फर्मुला जान्न पाए हुन्थ्यो

## दुर्गा परियार, गायिका

**म्यूजिकखबर वार्ता**
**सुमन बैरागी**

**संगीतमा स्थापित हुने श्रेय कसलाई दिनुहुन्छ ?**

खोजी प्रतिभा सिजन १ लाई नै जान्छ । नेपाल टेलिभिजनबाट प्रसारण हुने यो कार्यक्रम हेरेर बस्नेहरूले मेरो गायन क्षमतालाई हेरेर आर्थिक सहयोग जुटाइदिनु भयो, दर्शकहरूले सबैतिरबाट मेरो क्षमतालाई मन पराइदिनु भयो, जुरीको गाइडलाइनअनुसार मैले सिक्दै गएँ । सायद मेरै लागि खोजी प्रतिभा भएको थियो भन्ने लागेको छ । एसियन पेन्टस् र दिनेश डिसी नभइदिएको भए खोजी प्रतिभा हुन्थेन र खोजी प्रतिभा नभएको भए सायद म गायनमा हुने थिइनँ । जुन कार्यक्रम सिजन २ बाट बन्द पनि भयो, दुर्गा परियारलाई गायनमा ल्याउनु थियो र नै खोजी प्रतिभाको आयोजना भएको रहेछ भन्ने लाग्छ ।

**त्यतिबेला खोजी प्रतिभाको प्रतिस्पर्धामा जित्छु जस्तो लागेको थियो ?**

खोजी प्रतिभामा म भाग लिन आएँ । त्यहाँ पश्चिमबाट भन्दा पूर्वबाट आउने धेरै थिए । १६ सय प्रतियोगीमा म पश्चिमबाट भाग लिइरहेको थिएँ । पूर्वेलीहरूबाटै कसैले जित्छन् होला भन्ने लाग्थ्यो किनकी ६० भोट र ४० जुरीको निर्णय हुने भएकाले पनि मेरो भोट कम आउँछ भन्ने लागेको थियो । तर जुरीहरूले मेरो स्वरलाई मन पराइदिनुभयो र म जित्न सफल भएँ ।

**जितेपछिको अनुभव कस्तो रह्यो ?**

दर्शकहरूको यति धेरै माया पाएँ कि म पत्याउनै नसक्ने भएँ । पूर्वबाट भाग लिन आउनेहरूका आफन्तजन पछाडि हुटिङ लाइरहेका थिएँ तर मेरो तर्फबाट मेरो श्रीमान मुन्ना गुरूङ र बहिनी मात्र आएका थिए, आफन्तजन कोही थिएनन् । जित्छु भन्ने लागेकै थिएन तर पछि जुरीहरूले मेरो क्षमताको मूल्याङ्कन गरिदिनु भयो त्यसपछि मेरो खुशीको आँसु झऱ्यो । मेरा लागि ठूलो चुनौति थियो त्यो पार गर्दै गर्दा मैले नसोचेको उपलब्धि हात परेको थिएँ । किनकी म सामान्य एउटा परिवारबाट खोजी प्रतिभामा भाग लिनु चानचुने कुरा थिएन । दिनभरको कमाइले छाक टार्ने मेरो परिवारले कल्पना गर्न नसक्ने कुरा थियो तर जितपछि एउटा पश्चिमकै प्रतिनिधित्व गरेँजस्तो लागेको थियो ।

**यतिखेर दुर्गा परियार कहाँनेर छ जस्तो लाग्छ ?**

मेरो प्रतिभालाई हेरेर धेरैले भन्नुहुन्छ तिम्रो स्थान यो ठाउँमा हुने होइन, खोजी प्रतिभाको लेवल हेर्दा तिमी धेरै माथि जानुपर्ने हो । कतिले भन्ने गर्छन् तिमीलाई त सुरेश अधिकारी र दिनेश डिसीले ल्याएका हुन् उनीहरूले नै काम दिइहाल्छन् नि भनेर पछि हट्छन् । हो, उहाँहरूले मलाई त्यो स्थान पनि दिनुभएको थियो उहाँहरू गीतसंगीत सिर्जनामा कम हुनुहुन्छ । एकातिर मलाई उहाँहरूको गोजीको मान्छे सम्झनु भयो भने अर्कोतिर सरसर गीत जसरी हिट भयो त्यही फ्लेबरको लागि मात्र यो गायिका ठीक छ भन्ने सोचमा धेरै संगीतकर्मी रहनुभयो । स्टेजका लागि उफार्ने गीत नभएका कारणले पनि म पछाडि परेँ कि जस्तो लाग्छ ।

**किन यस्तो भयो होला ?**

खै मिडियाले दुर्गा परियार चिनेन कि सपोर्ट गरेन थाहै पाइनँ । मिडियासँग नजिक हुने फर्मुला जान्न पाए हुन्थ्यो । एल्बमहरू पनि गरिरहेको छु । दुईवटा एल्बम बजारमा आए, निरन्तर यही क्षेत्रमा क्रियाशील छु । तर स्टेजमा देख्नेले मात्र चिने, रेडियो टेलिभिजनबाट आफू अगाडि हुँदा मात्र बजाउने गर्छन् । मिडिया भन्दा ठूलो गायक गायिकाको लागि कोही हुन सक्दैन । हेर्ने जमाना पनि भएर होला कि म चाप्लुसी गर्ने मान्छे नभएर हो । हामी साधना गर्नेहरूको गीत उफार्ने बन्न नसकेर पनि होला ।

**दुर्गा परियार कस्तो गायिका ?**

म सबै फ्लेबरको गीत गाउन सक्ने गायिका हुँ । एउटा सरल, अनुशासित, साधना गरिरहेकी गायिका हुँ । लप्पन छप्पन नजानेकी तर संगीत राम्रोसँग बुझेकी गायिका हुँ ।

**स्टेजको कार्यक्रममा जान त आयोजक रिझाउनु पर्छ रे नि ?**

त्यो त सय प्रतिशत हो जस्तो लाग्छ । मेला महोत्सवमा गएकाहरूलाई हेर्छु, हिजो आएका कुनै साधना नगरेका गायक गायिकाहरू अनि मलाई आउने जाने खर्च भए पुग्छ त्यहाँ गाउनुपऱ्यो भन्दै आयोजकलाई फोन गरेको भरमा चर्चा बटुलिरहेका हुन्छन् । हुन त मेरा लागि सबै समान हुन् तर वास्तविक रूपमा मेहनत गरेका कलाकारको डिमाण्ड छैन । चाप्लुसी र आयोजकको नजिक हुनेले धेरै पाउँछन् ।

**यसको अर्थ बजारले तपाईंको साधनाको मूल्याङ्कन गरेन भन्ने हो ?**

खै समय अनुसार म चल्न नसकेको हुँ कि ! बजार हेर्दा लाग्छ सतही संगीतमा रमाइरहेको छ । बाँच्ने गीत भन्दा नाच्ने गीतमा दुनियाँ दौडिरहेको जस्तो लाग्छ । पैसा हुनेको कला भयो कला हुनेको पैसा भएन । साधनाबिना गायक गायिका बन्नेहरूले गर्दा हाम्रो डिमाण्ड नभएको होला ।

**नाच्ने गीत कहिले गर्ने त ?**

हामी आफू र आफ्नो परिवार बचाउनु पनि छ । आर्थिक अवस्था हेरेर खर्च गर्नुपर्ने छ । अहिलेको गीतसंगीत महङ्गो छ, खर्चपछि त्यसको प्रतिफल शून्य छ । धमकेदार खालको नाच्ने गीत छिट्टै नै गर्ने सोचमा छु ।

**यतिबेला कलामा लागेर बाँच्ने अवस्था छैन हो ?**

त्यस्तो चाहिँ होइन, आफूमा प्रतिभा हुनुपर्छ, साधना, निरन्तरता हुनुपर्छ बाँच्न सकिन्छ । अहिलेसम्म हामीलाई कलाले बचाइराखेको छ ।

**तपाईंको बुझाईमा जीवन के हो ?**

जसले जसरी हेऱ्यो त्यो नै जीवन हो । मेरो कुरा गर्ने हो भने संघर्ष नै जीवन हो । हिजो दुःख थियो आज केही हदसम्म सुखको बाटोतिर लागिएको छ तर संघर्षभित्र नै जीवन रूमलिएको छ ।

**गीतसंगीतमा भोलिको अवस्था कस्तो बन्नु पर्ला जस्तो लाग्छ ?**

विश्वलाई नै हेर्दै आउनुभयो भने हामीले पनि नेपालमा ग्रेडिङ हुनुपर्छ । भारतमा ग्रेडिङका कारण राम्रा कलाकार उत्पादन भएका छन्, जसले सम्मान पाउन सकेका छन् । तर यहाँ ग्रेडिङ नहुँदा संस्कार हराएको छ, राम्राको सम्मान हुन सकेको छैन । संस्कारबिनाको कूल उचित हुँदैन, यसमा सरकारी क्षेत्रबाट नियमन हुनुपर्छ ।

**रोयल्टीका बारेमा तपाईंलाई के थाहा छ ?**

एकचोटी बेलायतको रेडियोमा पुगेको थिएँ, त्यतिबेला नेपाली रेडियोहरूमा बजेको गीतको रोयल्टी धेरै जम्मा भएको छ, त्यो कहाँ लगेर दिने भन्ने कुरा गर्नुभएको थियो । त्यतिखेर रोयल्टीको बारेमा नेपालमा पनि मैले सुनेको थिइनँ । तर अहिले नेपालमा पनि रोयल्टीको बारेमा धेरै कुरा भइरहेका छन् । सार्वजनिक रूपमा बजेका गीतबाट पाउनु पर्ने रोयल्टी अब अहिले पाउने अवस्था बन्यो भने पक्कै पनि हामी धनी हुने थियौं । त्यो बेलायतको पैसा यतिखेर माग्दा कस्तो हुन्थ्यो होला जस्तो लागेको छ ।

**हिजोको र आजको दुर्गा परियारमा के फरक छ ?**

हिजो दुर्गा परियार डोकोमा साग बोकेर बजार जाने, अरूको भाडा माझ्ने एउटा दुःखी थिई तर आजको दुर्गा परियार सम्पूर्ण नेपालकी अनशासित र संगीतलाई माया गर्ने एउटी चेली भएकी छ । हिजो र आज धेरै परिवर्तन भइसकेको छ ।

**तपाईंको आइडल को हो ?**

म अन्जु पन्तलाई आइडलका रूपमा लिन्छु । मैले खोजी प्रतिभामा भाग लिंदा पनि उहाँको धेरै गीत गाएँ, उहाँजस्तो भर्सटायल सिंगर मैले भेटेको छैन ।

**अब आउनेलाई के सुझाव छ ?**

जो गीत संगीतमा आउँदै हुनुहुन्छ सबैलाई राम्रो साधना र निरन्तरता दिने गरेर आउनुस् भन्छु । हिजो अरूणा लामा, नारायण गोपाल भनेर आज जसरी भनिएको छ त्यसरी नै तपाईंहरूको पनि नाम लेख्ने गरी आउनुस् ।



म्यूजिक खबर www.musickhabar.com Musickhabar Bi-weekly Magazine पाक्षिक

# लेखनमा जति सन्तुष्टि व्यवसायमा हुँदैन

**साहित्यको परिपूर्ति नभएकै कारण उनले जागिर छाडेको बताउँछन् । लेखनमा जति सन्तुष्टि व्यवसायमा हुँदैन किनकी व्यवसायमा पैसा हुन्छ तर लेखनमा बौद्धिकता उनले भने । पलैंटी अहिले सेलीब्रेटी हबका रुपमा परिचित भइसकेको बताउँदै उनले भने– 'मैले गरेको प्रगति मेरो हजुरबुबालाई देखाउन पाइनँ ।'**



## व्यवसायीसँग संगीतका कुरा

### किशोर घिमिरे, गीतकार एवं व्यवसायी

किशोर घिमिरे विधाले गीतकार हुन् । उनी राम्रा कवि पनि हुन् । उनको लेखनमा करिब १०० भन्दा बढी गीतहरू लेखिएका छन् भने ३०–४० को संख्यामा रेकर्ड पनि भइसकेका छन् । 'बहुमूल्य मधुर सम्झना' उनको गीति एल्बम प्रकाशित भइसकेको छ भने 'एक हरफ जिन्दगी' कविता संग्रह पनि बजारमा आइसकेको छ । गायक अनिल सिंहको सहकार्यमा तयार भएको गीत 'सम्झना'ले वेष्ट गायकको अवार्ड चुम्न सफल भयो भने म्यूजिक भिडियो अवार्डमा वेष्ट गीतको अवार्ड चुम्न सफल भएको थियो ।

किशोरको १७ वर्षे सांगीतिक करिअरमा हेर्दा पहिलो गीत रेकर्डका हिसाबले नलिना चित्रकारले गाएकी हुन् । माया लाउने धोको मेरो नलिनाले गाएको उनको पहिलो गीत थियो भने हित गीतमा राजेशपायल राईको स्वरमा रहेको खास त केही छैन लाई लिने गर्छन् । अनिल सिंह, राजेशपायल, नलिना चित्रकार, सितु खरेल, प्रमोद निर्वाण, उदेश श्रेष्ठ, हेमन्त राना, प्रेम लामा, सुरज शाही ठकुरी, विश्व नेपाली लगायतले उनका शब्दमा स्वर दिइसकेका छन् । उनको नयाँ प्रोजेक्टका लागि भने कल्याण सिंह, शान्तिम कोइराला र कमलमान सिंहले साथ दिइरहेका छन् ।

काठमाडौं महानगरपालिका २ गैरीधारा स्थायी घर भएका किशोरको प्रेरणाका स्रोत भने उनका हजुरबुबा लघु वेदव्यास कृष्ण प्रसाद शर्मा घिमिरे हुन् । कविरत्न तथा विद्यावारिधीको उपाधिसमेत पाएका कृष्णप्रसादको बौद्धिक वाङ्मय र गौरीगिरीराम वनारस विश्वविद्यालयमा पढाईसमेत हुने गरेको छ । संस्कृत, हिन्दी, नेपाली भाषामा साहित्य पुस्तकहरू प्रकाशित गरिसकेका उनका हजुरबुबाको सानैदेखिको संगतले गीतकार किशोरलाई पनि साहित्यमा उत्प्रेरित गराएको हो । परिवारमा अरूले पनि साहित्य लेखेका छन् तर बजारमा देखिएको भने म नै हुँ, गीतकार किशोरले भने हजुरबुबालाई भेट्न साहित्यका हस्तीहरू घरमा आउँथे त्यो संगतसँगै मेरो रगतमा पनि साहित्यले बास गर्‍यो ।

गीतकार किशोर पहिला बैंकर हुन् । उनले १० वर्ष बैंकिङ सेवालाई छाडेर व्यवसाय सुरु गरे । स्कुल, कलेजसँग सम्बन्धित व्यवसायमा उनको लगनशीलता बढ्यो । सेम रक मन्टेश्वर संचालन गर्दै आएका किशोर धेरै व्यवसायसँग सम्बन्धित रहेर काम गरिरहेका छन् । प्रत्यक्ष र अप्रत्यक्ष व्यवसायमा धेरैतिर हात हालेका किशोरले यतिखेर भने पुतलीसडकको स्टारमलमा पलैंटी नामक रेस्टुरेन्ट एण्ड बैंकट संचालन गरिरहेका छन् । करिब ३० जनालाई रोजगारी दिइरहेका किशोरले रेस्टुरेन्टमा कपी मेकिङ ट्रेनिङसमेत सञ्चालन गर्दै आएका छन् । रेस्टुरेन्ट खोलेको दुई वर्ष बितिसक्यो तर धिमे गतिमा व्यवसाय अगाडि बढे पनि विस्तारै व्यवसाय फस्टाउनेमा उनी विश्वस्त छन् । उनको रेष्टुरेन्टमा होटल म्यानेजमेन्टका लागि इन्टर्नसीपको व्यवस्थासमेत छ भने बैंकटमा सेमिनार, गोष्ठी, सभा, विमोचन लगायतका कार्यक्रमहरू संचालन हुँदै आएका छन् ।

उनको नशा नशामा साहित्य बगेको छ । साहित्यको परिपूर्ति नभएकै कारण उनले जागिर छाडेको बताउँछन् । लेखनमा जति सन्तुष्टि व्यवसायमा हुँदैन किनकी व्यवसायमा पैसा हुन्छ तर लेखनमा बौद्धिकता उनले भने । पलैंटी अहिले सेलीब्रेटी हबका रूपमा परिचित भइसकेको बताउँदै उनले भने– 'मैले गरेको प्रगति मेरो हजुरबुबालाई देखाउन पाइनँ । म कवि र गीतकार बन्दै गर्दा हजुरबुबाको बाटोमा म हिंडेको उहाँले देख्द पाउनु भएन यो चाहिँ मेरो लागि दुःखको कुरा हो ।'

किशोर घिमिरे विधाले गीतकार कवि भए पनि उनी एउटा सामाजिक कार्यकर्ता पनि हुन् । सामाजिक क्षेत्रमा उनले बृद्धबृद्धा, असहाय, गरिब, अनाथका लागि विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका छन् । यतिबेला घरआँगन नेपालसँग मिलेर शिक्षाबाट बञ्चित अनाथका लागि आर्थिक उपार्जनको काम गरिरहेका छन् । उनका नजिकका मित्र नरेश भट्टराईसँग मिलेर डा.भोला रिजाल, अभिनेत्री श्वेता खड्का, सुगम पोखरेल, विजय लामा, प्रमोद निर्वाण म्यूजिक लिंक, प्रेम लामा, मिङ्स लामा, हेमन्त राना लगायतको सांगीतिक टोलीले आर्थिक उपार्जनका लागि स्टार मलभित्रकै बैंकटमा कार्यक्रम गर्दैछन् । दिपक सिलवालको अध्यक्षतामा रहेको घर आँगन नेपालमा किशोरले यो कार्यक्रम गरेर एम्बुलेन्स र आर्थिक संकलन गर्ने निर्णय गरेका छन् ।

# संग्रहणीय र श्रवणीय सांगीतिक 'दर्पण'




गीतकार दीप दर्पणको आधुनिक गीतिसंग्रह दर्पण सार्वजनिक भएको छ । कवि तथा गीतकार दिनेश अधिकारीको प्रमुख आतिथ्यतामा एल्बम दर्पण सार्वजनिक गरिएको हो । विन्ध्यवासिनी म्यूजिकका संचालक सुवास रेग्मीको सभापतित्वमा भएको उक्त कार्यक्रममा चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रिय, रोयल्टी संकलन समाजका महासचिव महेश खड्का, संगीतकार राजकुमार बगर, संगीतकार सन्तोष श्रेष्ठ, संगीतकार गायक हरि डाँगी, अभिनेत्री अनु शाह लगायतको आतिथ्यतामा दर्पण एल्बमलाई सार्वजनिक गरिएको हो ।

दर्पण एल्बमका दुई म्यूजिक भिडियोको प्रदर्शनसँगै सुरू गरिएको औपचारिक कार्यक्रमपछि गीतकार दीप दर्पणले आफ्नो गीत लेखनको अनुभवलाई सुनाएका थिए । कार्यक्रमलाई स्वागत मन्तव्य दिँदै गीतकारले उपस्थित सम्पूर्ण अतिथिहरूलाई आभार प्रकट गरेका थिए । त्यस्तै संगीतकार महेश खड्काले एल्बमाथि समीक्षा गर्दै दर्पण एल्बम एउटा संग्रहणीय र श्रवणीय एल्बम भएको बताएका थिए ।

कवि तथा गीतकार दिनेश अधिकारीले 'दर्पण' एउटा नयाँ सन्तानको जन्म भएको बताएका छन् । द्वन्द्वकालमा दीप दर्पणसँग भएको भेटलाई आजसम्म निरन्तरता दिइरहेको बताउँदै दर्पणको जन्म भएको बताएका थिए । अधिकारीले गीतकार दीप दर्पणको 'दर्पण' श्रवणीय र संग्रहणीय एल्बमका रूपमा सांगीतिक दर्पण बन्न सफल हुने बताएका थिए ।

त्यस्तै कार्यक्रमका सभापति विन्ध्यवासिनी म्यूजिकका संचालक सुवास रेग्मीले गीतसंगीतको क्षेत्रमा काम गर्दागर्दै एउटा परिवारका रूपमा दीप दर्पण विन्ध्यवासिनी म्यूजिकका भित्रिएको बताएका थिए । सोही अवसरमा रेग्मीले संगीत कला पत्रकार संघका लागि आफ्नो कम्पनीबाट सार्वजनिक हुने प्रत्येक एल्बम विमोचन कार्यक्रमबाट ७ हजार ७ सय ७७ रूपैयाँ कल्याणकारी कोषलाई दिने निर्णय गरेका थिए । गीतसंगीतको क्षेत्रमा क्रियाशील रहर पत्रकारिता गरिरहेका पत्रकारहरूको हकहितका लागि स्थापना भएको संगीत कला पत्रकार संघको कल्याण्कारी कोष निर्माणमा आफ्नो अभियान निरन्तर रहने बताएका थिए ।

दर्पण एल्बमभित्र मैले भन्दा माया गर्ने, फुल्नु भन्दा त, तिमी जुन दिन टाढा, मेरो आँसुसँग, मेरो आँसु झर्दा, लाली गुराँस सुनाखरी, फुल्नु भन्दा त जस्ता गीत समावेश गरिएको छ । जसमा अन्जु पन्त, प्रमोद खरेल, रजिना रिमाल, दीपक लिम्बू, माण्डवी त्रिपाठी, अंकित न्यौपाने, श्रेयसी चेम्जोङको स्वर रहेको छ भने राजकुमार बगर, सन्तोष श्रेष्ठ र हरि डाँगीको संगीत रहेको छ । एल्बमलाई विन्ध्यवासिनी म्यूजिकले बजार प्रबर्द्धन गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मनोरञ्जन समाचारका लागि
SCREENNEPAL

म्यूजिक डायरी
Music Diary

साप्ताहिक
फिल्मी खबर
हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार


म्यूजिक खबर www.musickhabar.com Musickhabar Bi-weekly Magazine पाक्षिक

# माया गर्नु र गीत लेख्नु दुबै संयोगले हुने चिज हुन्

राधिका अधिकारी/म्यूजिकखबर



नेपाली गीत संगीतका क्षेत्रमा अहिलेसम्म पनि गीतकार तथा संगीतकारको नाम बिरलै चर्चामा आउँछ । पछिल्लो समय केही गीतकार संगीतकारलाई प्राथमिकता दिन थालिएको छ । तथापि केहि मिडियाकर्मीमा चेतना आए पनि धेरै मिडियाकर्मीले आज पनि रेडियोबाट गीत बजाउँदा गीतकार संगीतकारको नाम भन्ने प्रचलन छैन । त्यसैले धेरै राम्रा गीतका गीतकार र संगीतकार आज पनि ओझेलमा छन् । तर, यहि समयका एक यस्ता भाग्यमानी गीतकार हुन् एकनारायण भण्डारी, जो गीतकारको नाम लिन पनि अप्ठेरो मान्ने देशमा जन्मिएर गीत लेखेरै चिनिएका छन् । उनलाई गीत संगीतले नाम मात्रै होइन सामान्य जीवन धान्न सक्ने पनि यहि क्षेत्रले बनाइदिएको छ ।

स्याङ्जाको पकवादीको गेजामा जन्मेका भण्डारी गाउँबाट राजधानी छिर्ने बेलामा आमालाई म गीत लेखेर पैसा कमाउँछु, मलाई खर्च पठाउनु पर्दैन भनेर निस्केका थिए । राम्रो गीतकार बन्ने र पैसा कमाउने उनको रहर आमालाई भने झैं सजिलो भएन । उनले राजधानी आएर नाम कमाउन नै संघर्ष गर्नु पर्‍यो । भण्डारी कुनै समय आफूले लेखेको गीत राम्रो भएन अथवा गीत लेख्ने मुड आएन भनेर रातभरी रोएका छन् । त्यो बेला उनलाई सँगै बस्ने साथीले धेरै पटक सम्झाएका छन् । राम्रो गीत लेख्नकै लागि जति संघर्ष गरे स्थापित हुन त्यति संघर्ष गर्नु परेन । उनलाई नेपाली गीतसंगीतका स्रोताले छिट्टै पत्याए । स्रोता दर्शकले पत्याएपछि भण्डारीलाई बिस्तारै नेपाली लोक गीत संगीतका कलाकारहरूले पत्याए, सुगम संगीतका कलाकारको रोजाइमा परे । चलचित्र जगतका निर्माता निर्देशकको खोजीमा पनि परे गीतकार एकनारायण भण्डारी ।

'डाँफे नाचेर फूल कहाँ फुल्छ र हाँगै भाँचेर' गीतबाट नेपाली लोक गीतका क्षेत्रमा चिनिएका भण्डारीलाई गायक हेमन्त शर्माले गाएको 'मुल हौ भने रसाइदेउ' बोलको गीतले स्रोता मात्रै होइन धेरै गायक गायिकाको रोजाइका गीतकार बनायो । चलचित्र क्षेत्रका मान्छेहरूको रोजाइमा चलचित्र 'बन्धकी'बाट लोकप्रिय बनेको 'मेरो मनैको फूल टिपी' बोलको गीतले पारेको हो ।

गीतकार भण्डारीको गीत लेखनको पहिलो पाठशाला उनी जन्मे, हुर्केको उकाली, ओराली, भिरपाखा, भञ्ज्याङ, चौतारी त्यही परिवेश हो । जसका सुसेलीहरूले भण्डारीलाई गीत लेख्न सिकायो । स्कुल जीवनमा गृहकार्य गर्न घरमाथिको बन रोज्ने भण्डारीको पहिलो रेकर्ड भएको गीत त्यहि चौतारीमा बसेर गाउँबाट अन्मिदै गरेकी बेहुलीलाई हेरेर लेखेका थिए । देउरालीमा हावा बोलको त्यो गीत पछि त्यस्तै कल्पनामा उनले थुप्रै गीत लेखे । गीत लेख्दै जाँदा उनले केहि गीतमा संगीत पनि भरे । गीतलाई जस्तै उनका स्रोता दर्शकले माया गरे संगीतलाई पनि । स्रोता दर्शकको माया पाएपछि उनी माथि लगानी गर्ने लगानीकर्ताको कमी भएन सांगीतिक बजारमा । उनी संगीतकारका रूपमा पनि स्थापित बने । उनले सिर्जना गरेका गीत अथवा संगीत सिधै स्रोता दर्शकको मन मष्तिष्कमा बस्ने गर्छन् । त्यसैले पनि उनले सिर्जना गरेका गीत संगीत प्राय लोकप्रिय छन् । संयोगले पहिलो गीत रेकर्डको अवसर पाएका भण्डारीले क्यासेटको कभर धेरै दिनसम्म गोजीमा बोकेर हिंड्थे । त्यो बेलाको खुशी आज पनि उस्तै गर्वका साथ सम्झिन्छन् भण्डारी ।

**माया संसारको सबैभन्दा बलियो चिज हो र यसले पीडा पनि उत्तिकै दिन्छ । सबैले गर्ने माया एउटै हुन्छ तर मान्छेको स्वभाव र व्यवहार अनुसार फरक बन्छ । माया गर्नु र गीत लेख्नु दुबै संयोगले हुने चिज हुन् । प्रेम गर्छु भनेर हुँदैन आफैं हुन्छ । गीत पनि त्यस्तै हो कति बेला फुर्छ थाहै हुँदैन् । कुनै उमेर थियो मन परेको मान्छे पाइएन भनेर रुने, त्यो उमेर उनलाई पनि आयो ।**

गीतकार भण्डारीले मायाका, वियोगका गीत संगीत थुप्रै सिर्जना गरेका छन् । प्रेम वियोगका गीत धेरै लेख्ने भण्डारीलाई गीत लेख्न भन्दा प्रेम गर्न धेरै सजिलो लाग्छ । उनी भन्छन् 'माया संसारको सबैभन्दा बलियो चिज हो र यसले पीडा पनि उत्तिकै दिन्छ । सबैले गर्ने माया एउटै हुन्छ तर मान्छेको स्वभाव र व्यवहार अनुसार फरक बन्छ । माया गर्नु र गीत लेख्नु दुबै संयोगले हुने चिज हुन् । प्रेम गर्छु भनेर हुँदैन आफैं हुन्छ । गीत पनि त्यस्तै हो कति बेला फुर्छ थाहै हुँदैन् ।' कुनै उमेर थियो मन परेको मान्छे पाइएन भनेर रूने, त्यो उमेर उनलाई पनि आयो । मन परेको मान्छे नपाउँदा धेरै तन्नेरी पुस्ता रोए झैं उनी पनि रोए । तर, अहिले जीवनलाई फर्केर हेर्दा प्रेममा आफू भाग्यमानी रहेछु भन्ने लाग्छ भण्डारीलाई । एउटा लेखक अथवा संगीतकार हुनु भनेको एक हिसावले पागलपन देखाउँनु जस्तै लाग्छ उनलाई । गीत संगीत कुनबेला फुर्छ थाहा हुँदैन । उनको यो पागलपनलाई साथ दिने उनकी श्रीमती जीवन र उनको सांगीतक जीवनसँग समझदार लाग्छ भण्डारीलाई । जीवनसँग जति नै समझादर भए पनि एउटै बिछ्यौनामा सुतेपछि लात्ती लाग्छ भने झैं उनको श्रीमतीसँग कहिले सानो तिनो घर व्यवहार र व्यवस्थापनका विषयमा ठाकठुक पर्छ । तर, ठाकठुकलाई लिएर उनी श्रीमतीलाई कमै फकाउँछन् । बरू उनकी श्रीमती नै उनलाई धेरै फकाउँछिन् ।

सांगीतिक क्षेत्रमा नआएको भए आफू पागल हुन्थे की जस्तो लाग्ने भण्डारीलाई कहिलेकाही देशको प्रधानमन्त्री बन्न पाए हुन्थ्यो जस्तो कल्पना आउँछ । सम्पूर्ण देश नै अभावमा गुज्रिएको पछिल्लो समय प्रधानमन्त्री बन्न पाए सबै समस्याको हल गर्थें जस्तो लाग्छ उनलाई । कसैले सुन्दर नृत्य गरेको हेरे भने उनलाई नाच्न मन लाग्छ । कहिले कहि गायक गायिका बन्न मन लाग्छ, उनलाई ।

पछिल्लो समय हामी छोराछोरीहरूलाई पढाउँदा अंग्रेजी माध्यमबाट पढाउन सुरू गर्छौं । अहिले बालबालिका सानैबाट स्कुलमा अंग्रेजीमा बोल्न सिक्छन्, घरमा हिन्दी च्यानल र गीतसँग अभ्यस्त हुन्छन् । यहि हिसाबमा समाज अगाडि बढ्दै जाने हो भने नेपाली संस्कृति नै लोप हुने हो की भन्ने पिरलो छ गीतकार भण्डारीलाई । देशको नक्सा त केवल एउटा सिमाना मात्रै सम्झने भण्डारी संस्कृति नै देशको पहिचान हो भन्छन् । त्यसैले देश रहन संस्कृति रहनै पर्ने बताउने भण्डारी आफ्ना नानी बाबुहरूलाई आफ्ना संस्कृति पनि देखाउन र चिनाउन आग्रह गर्छन् ।

व्यवसायिक हटलाइन 01-4010545

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।
सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

New World
The best Shirting Suiting & Tailoring Center
Bagbazar (opposite of PK Campus) Tel: 01-4244789

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७



म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Bi-weekly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं ३३२/०७३/०७४



तस्बिर: सविता पोखरेल

# 'नर्स बन्न मन लागेन'

**सबिता पोखरेल, म्यूजिक खबर**

गायिका टीका प्रसाईं आधुनिक गायनमा अहिले चलेको नाम हो । बाल्यकालमा गीत गाउनमा र नाच्नमा उतिकै रूची भएता पनि बिस्तारै रेडियो नेपालमा बज्ने गीतहरू सुनेर नै गायिका बन्ने रहर बनाएकी टिका प्रसाईंले यतिबेला नेपाली सांगीतिक धरातलमा स्थापित गायिकाको परिचय बनाइसकेकी छिन् । देउसी भैलो देखि लिएर स्कुलमा आयोजना सांस्कृतिक कार्यक्रमहरूमा नृत्यमा पनि भाग लिँदै सांगीतिक क्षेत्रमा होमिएकी टीकाले अन्ततः गायिकाको परिचय बनाइन् ।

पूर्वी नेपालको झापा जिल्लाको तोपगाछीमा जन्मिएकी टिकालाई गायनमा भएको विशिष्ट अभिरूचिका कारण नेपालको लोकप्रिय सांगीतिक सो 'ब्राइटर तिम्रो सुर मेरो गीत'की बिजेता समेत बनायो । त्यसपछि त झन् उनले संगीतलाई नै जीवनको एक मात्र लक्ष्य ठानेर अघि बढ्न थालिन् ।

आमादेखि मामासम्म सबैलाई गायनमा रूचि थियो तापनि छोरी नर्स बनोस् भन्ने परिवारको इच्छा थियो । त्यसैले परिवारको सल्लाह अनुसार एस.एल.सी पश्चात नर्सिङ पढ्नका लागि इण्डिया गइन् । तर उनलाई गायिकाको हुटहुटीले र 'होमसिक'का कारण लामो समय त्यहाँ रहन दिएन । उनले सधैं गाउँमा गाइएका भजन मण्डलीहरूलाई मात्र सम्झने, आमाले भान्छामा गाउने गीतका लाइनहरू सम्झने थालेपछि त्यो संगीतको सपनाले सताइरह्यो । उनलाई इण्डियामा बस्नका लागि बन्दोबस्तीका सामग्री लिएर गएका व्यक्तिसँगै २० दिनमै नेपाल फर्केकी थिइन् । उनी नर्सिङ पढ्न गएकोमा परिवार ढुक्क भए पनि २० दिनमै घर फर्केपछि परिवार नै आश्चर्यमा परे । त्यो दिन सम्झँदै उनले भनिन् – 'छोरी नर्स बनोस्, सामाजिक सेवा गरोस् भन्ने परिवारको चाहना अधुरै रह्यो । परिवारको इच्छा अनुसार चलेको भए एकातिर म नर्स हुन्थें अर्कोतिर म अहिले पनि गायिका पनि बन्न सक्थें ।' तर उनको परिवारको इच्छा विपरितको नेपाल फर्काइलाई परिवारले पनि सर्पोट गऱ्यो । त्यतिबेला उनलाई आमा र हजुर बुबाले त आफ्नो जीवन आफ्नै चाहनामा बाँच्नुपर्छ भन्नुभयो म धेरै खुशी भएँ । यदि उनी त्यतिबेला इण्डियामै रहेकी भए आज सायद नेपाली सांगीतिक जगतमा हामीले गायिका टिका प्रसाईंको उपस्थिति पाउने थिएनौं पनि होला ।

२०५८ सालबाट व्यवसायिक गायिका बनेकी टिकाले सयौं गीतहरूमा स्वर दिइसकेकी छिन् । 'सेल्फीको जमाना' गीतबाट बढी चर्चामा आएकी टिकाका तिमी भन्छौ भनें, नतोडन ती बाचाहरू, तिमी मलाई मन पर्छ, कान्छि रे, चट्ट सलाम छ लगायतका गीतहरूले यतिबेला मिडिया चर्चा पाइरहेका छन् ।

पूर्वमा छँदा साहित्यकार कृष्ण धराबासी र लिला अनमोलको सहयोग कहिल्यै बिर्सन सक्दिनन् उनी । स्थानीय रूपमा हुने कार्यक्रमहरूमा कृष्ण धराबासीले उनलाई स्थान दिएका थिए भने रेडियोलगायतका मिडियाहरूमा लीला अनमोलले सहयोग गरेका थिए । त्यो दिन उनका लागि सबैभन्दा ठूलो थियो । केहि अगाडि मात्र संगीत अनुरागीहरूका लागि उनले आफ्नो नयाँ एल्बम 'मेलोडी' सार्वजनिक गरेकी छिन् । मेलोडीमा ६ वटा गीतहरू रहेका छन् । नेपाली गीत संगीतमा हुने हरेक विधाका गीत गाउन सक्ने टिका आफ्ना सिर्जनाले श्रोताको मन जितोस् भन्ने चाहन्छिन् । सांगीतिक धरातलमा निकै समयको संघर्षपछि व्यवसायिक रूपमा लागेकाले यस क्षेत्रमा सहज भइरहेको पनि उनी बताउँछिन् । गीतसंगीतमा सबैभन्दा पहिला शब्दचयनको छनौट हुनुपर्ने बताउँछिन् । शब्द राम्रो भयो भने संगीतकारलाई पनि राम्रो संगीत सिर्जना गर्न मन लाग्ने उनको भनाइ छ । शब्दमा गहिराई भयो भने संगीतले पनि गहिराई खोज्छ, उनको तर्क छ । उनलाई सबैभन्दा मन पर्ने गीतकार दिनेश अधिकारी लाग्छ भने संगीतकारमा गोपाल योञ्जनको संगीतले उनलाई छुने गर्छ । युवापुस्तामा अर्जुन पोखरेलको संगीतले उनलाई निकै आकर्षित गराउँछ ।

गायक लेखराज गुरूङसँगको उनको सांगीतिक जोडी सफल जोडीका रूपमा चिनिन्छ । पारिवारिक माहौल नै संगीतमय भएको हुँदा टीकालाई संगीत क्षेत्रमा अघि बढ्न प्रेरणा मिलेको छ । यतिबेला मधुशाला गजल साँझमा गीत गाउने स्वरलाई अझ खारिरहेकी गायक सञ्जिव पराजुलीसँग गाएको गीत 'नाईं मलाई थाहा छैन' बोलको गीतको नयाँ शैलीबाट प्रस्तुत गरेका छन् । यतिबेला नाइँ मलाई थाहा छैन गीतमा जसले राम्रो नृत्य तथा अभिनय गर्दछ उ नै बिजेता बन्ने र आकर्षक उपहार पाउने प्रतियोगितासमेत उनीहरूले सुरू गरेका छन् ।


















म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः **सविता पोखरेल**, प्रधानसम्पादकः **सुमन बैरागी** कार्यालयः पुतलीसडक, काठमाडौं । फोनः ०१-४०१०५४५,
इमेलः musickhabar.com@gmail.com वेभः www.musickhabar.com मुद्रणः गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं